सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१२ माघ २०८१, शनिबार (25 Jan 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सिद्धबाबा सुरुङको 'ब्रेक थ्रु'

सात अर्ब ३४ करोड लागतको ११ सय २६ मिटर लामो सिद्धबाबा सुरुङमार्गको भौतिक प्रगति ४०.१८ र वित्तीय प्रगति ३९.९० प्रतिशत, ८ चैत ०८३ सम्पन्न गर्ने समयसीमा





सुरुङमार्गको भर्चुअल 'ब्रेक थ्रु' गर्दै प्रधानमन्त्री केपी ओलीले भने-

सुरुङमार्ग ब्रेक थ्रु हुनु पाल्पा, गुल्मीलगायत यस क्षेत्रका बासिन्दाका लागि मात्रै नभएर सिंगै देशको खुसीको कुरा हो। अब नेपाल हिजोभन्दै दुर्गम भन्ने रहेन। हामीले यसलाई अझ सुगम बनाउनु छ। मुलुकमा शीघ्र विकास र सुशासन दिन अहिलेको सरकार तल्लीन छ। हामी अरूको पनि सहयोग लिन्छौं र हामी बनाउँछौं हाम्रो देश। देशलाई फाइदा हुने कुरामा सरकारको ध्यान जानेछ। हाम्रा प्रयास यसैतर्फ केन्द्रित छन्।

गाडी गुडाउन एक वर्ष लाग्ने

बुटवलमा **विष्णु घिमिरे**

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डमा पर्ने पाल्पाको तिनाउ गाउँपालिका- ३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सिद्धबाबा सुरुङको शुक्रबार 'ब्रेक थ्रु' गरिएको छ। एक हजार १२६ मिटर दूरीको सुरुङमार्गको प्रधानमन्त्री केपी ओलीले भर्चुअल माध्यमबाट ब्रेक थ्रु गरेका हुन्।

सुरुङमार्ग आयोजना कार्यालयका अनुसार 'ब्रेक थ्रु' हुँदासम्म भौतिक प्रगति ४०.१८ प्रतिशत र वित्तीय प्रगति ३९.९० प्रतिशत छ। यो सात अर्बभन्दा बढी लगानीको परियोजना हो। सुरुङको तीनवटै बाइपासको 'ब्रेक थ्रु' पुसको पहिलो साता नै भएको थियो। त्यसयता मुख्य टनेलको काम तीव्र पारिएको थियो।

बालुवाटारबाट भर्चुअल सम्बोधन गरेका प्रधानमन्त्री ओलीले सरकारले विकासलाई तीव्रता दिने बताए। पहिरोले गाडी दुर्घटना हुने र जनधनको क्षति हुने पीडाबाट यात्रीलाई राहत दिन सिद्धबाबा सुरुङ एक सफल आयोजना साबित हुने बताउँदै ओलीले यसबाट लाभ लिई आवागमन सहज बनाएर सामाजिक एवं आर्थिक सम्बन्ध तथा उत्पादन आदान-प्रदान गर्न शुभकामना दिए।

'सुरुङमार्ग ब्रेक थ्रु हुनु पाल्पा, गुल्मीलगायत यस क्षेत्रका बासिन्दाका लागि मात्रै नभएर सिंगै देशको खुसीको कुरा हो। अब नेपाल हिजोभन्दै दुर्गम

» पृष्ठ २ मा क्रमशः

तीन वर्षभित्र निर्माण सक्ने गरी बुटवल-गोरुसिंगे सडकको स्तरोन्नतिको शिलान्यास

पूर्व-पश्चिम राजमार्गको ५० किलोमिटर दूरी रहेको बुटवल-गोरुसिंगे खण्ड चार लेनमा स्तरोन्नति गर्न शुक्रबार प्रधानमन्त्री केपी ओलीले भर्चुअल रूपमा शिलान्यास गरेका छन्। प्रधानमन्त्री ओलीले आगामी तीन वर्षभित्र बुटवल-गोरुसिंगे सडकखण्ड विस्तार गरिसक्ने बताए। सडक चार लेनमा विस्तारका लागि चिनियाँ कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप-आशिष निर्माण सेवा नेपाल जेभीले १३ अर्ब ५५ करोड ६५ लाखमा ठेक्का पाएको छ। बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना कार्यालय प्रमुख इन्जिनियर कुशलता न्यौपानेका अनुसार कपिलवस्तुको चन्द्रौटासम्म विस्तार गर्ने योजना रहे पनि पहिलो चरणमा बुटवल-गोरुसिंगे सडकखण्डको काम अगाडि बढाइएको हो।

गोरुसिंगे-चन्द्रौटा सडकखण्ड १९ किलोमिटरका लागि डिजाइनको काम भइरहेको छ। बुटवल-गोरुसिंगे सडकखण्ड वनजंगल क्षेत्रमा २४ मिटरदेखि सहरी क्षेत्रमा ५० मिटरसम्मको बनाइँदै छ। यो सडकखण्डमा ३० वटा पुल बन्नेछन्। बजार क्षेत्रमा ओभरहेड ब्रिज पनि बन्नेछन्। १४९ कल्भर्ट र ६ अन्डरपासको योजना छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ पाठेघरको मुखको क्यान्सरविरुद्ध अभियान

१० देखि १४ वर्षका १७ लाख बालिकालाई विद्यालयमै पुगेर लगाइँदै छ खोप

२२ माघदेखि ६ फागुनसम्म चल्ने अभियानमा ५४ हजार स्वयंसेवक र १५ हजार सुपरिवेक्षक खटिँदै

● **डा. अभियान गौतम**, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख



भविष्यमा नेपालमा पनि पाठेघरको मुखको क्यान्सर हुनेको संख्या बढ्ने देखिन्छ, त्यसैले त्यसको रोकथामका लागि हामीले अहिले एउटा उमेर तह तोकेर खोप कार्यक्रम गर्न लागेका हौं। विश्वका अन्य देशमा पनि १० देखि १४ वर्षका बालिकामा यो खोपको प्रभावकारिता बढी देखिएको र खोपको कुनै साइडइफेक्ट नभएकाले भरपर्दो छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले विद्यालय तथा स्थानीय स्तरमै पुगेर १६ लाख ८८ हजार ६८८ बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउने भएको छ। २२ माघदेखि ६ फागुनसम्म देशव्यापी रूपमा ६ देखि १० कक्षासम्म अध्ययन गर्ने १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप दिन लागिएको हो।

काठमाडौंमा लगाउँदै छन् एक लाख १० हजार छात्राले खोप

हाल सातै प्रदेशका स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा खोप पुगिसकेको छ। केन्द्रमा भण्डारण गरिएको खोप लगाउने मितिभन्दा एक साताअघि सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय हुँदै

» पृष्ठ २ मा क्रमशः



■ विद्यालयबाहिरका बालिकाले कहाँ लगाउँछन् खोप ?

१० देखि १४ वर्ष उमेरका १६ लाख ८८ हजार ६८८ बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाउने भनिए पनि तीमध्ये केही विद्यालयबाहिर रहेको आकलन सरकारको छ। पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणका लागि खोप अभियान तथा नियमित खोपमा एचपिभी खोप सुरुवातसम्बन्धी कार्यसञ्चालन निर्देशिकाअनुसार खोपको शतप्रतिशत कभरेजका लागि वडाभित्रका सबैलाई पायक पर्ने स्थानका विद्यालय (सामुदायिक र संस्थागत)लाई प्राथमिकतामा राखेर खोप केन्द्र निर्धारण हुनेछ। तर, विद्यालय नभएका वा कम भएका वडामा आवश्यकताअनुसार खोप केन्द्र हुनेछन्। अभियानको अन्तिम दिन ६ फागुनमा स्वास्थ्य संस्थामा समेत खोप सेवा सञ्चालन हुनेछ। विद्यालयबाहिरका बालिकाले पायक पर्ने खोप केन्द्र तोकिएको विद्यालय वा स्वास्थ्य संस्थामा गएर खोप लगाउन सक्नेछन्। स्वास्थ्य सेवा विभागका अनुसार देशभरका निजी र सरकारी गरी १८ हजार नौ सय विद्यालयबाट सो खोप लगाइँदै छ। खोप अभियानका लागि सरकारले ५४ हजार १६० स्वयंसेवक परिचालन गर्दै छ भने १५ हजार ६७५ सुपरिवेक्षक खटिनेछन्।

■ नेपालमा पाठेघरको मुखको क्यान्सरबाट दैनिक चार महिलाले गुमाउँछन् ज्यान

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण वार्षिक एक हजार ३१३ जनाले ज्यान गुमाउँछन्। यो आधारमा दैनिक चार महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको छ। त्यस्तै, विभागका अनुसार वार्षिक दुई हजार १६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ। यही डरलाग्दो तथ्यांकलाई न्यूनीकरण गर्न सरकारले खोप अभियान चलाउन लागेको हो।

विश्वमा हरेक वर्ष पाँच लाख ७५ हजारभन्दा बढी महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ। यो विश्व स्वास्थ्य संगठनको तथ्यांक हो। यो तथ्यांक आगामी सन् २०३० सम्ममा बढेर सात लाख पुग्ने चेतावनी संगठनको छ। त्यसैले विभिन्न मुलुक यसको रोकथामका लागि खोप अभियानमा लागेका छन्। संगठनकै तथ्यांकअनुसार हरेक वर्ष पाठेघरको क्यान्सरका कारण विश्वमा तीन लाख ११ हजार महिलाको मृत्यु हुने गरेको छ।

पाठेघरको क्यान्सरसम्बन्धी विज्ञ डा. सरिता घिमिरे वेलावेलामा चेकजाँच गराउने हो भने यसबाट बच्न सकिने बताउँछिन्। 'यो रोग ४० वर्षका उमेर समूहलाई बढी देखिएको छ, त्यसैले यो उमेर समूह सचेत हुन जरुरी छ,' डा. घिमिरेले भनिन्, 'पाठेघर फालेपछि यो क्यान्सर नहुने भन्ने हुँदैन, छालामा समेत यो फैलिन सक्छ, यो रोग लाग्न नदिन समयसमयमा चेकजाँच गर्ने, प्रोटिनयुक्त खानेकुरा बढी खाने, नियमित स्क्रिनिङ टेस्ट गर्ने, सकेसम्म तीनदेखि पाँच वर्षसम्मको अन्तरालमा चेकजाँच गर्नीतिर लागियो भने बच्न सकिन्छ।'



डा. सरिता घिमिरे

■ इजलासमा रविका कानुन व्यवसायीले भने-

राज्यले षड्यन्त्र गऱ्यो श्रीमान् !

■ रवि लामिछानेका तर्फबाट शुक्रबार थुनछेक बहस गर्दै वरिष्ठ अधिवक्ता **सुशील पन्त**ले भने-



राज्यले रवि लामिछानेमाथि षड्यन्त्र गरेर, राजनीतिक प्रतिशोध साधेर, प्रक्रिया मिची बदनियतका साथ मुद्दा लगाएको छ। सरकारलाई रवि लामिछानेविरुद्ध मुद्दा चलाउनु थियो। नियतपूर्वक सरकारी संयन्त्रको दुरुपयोग गरेर, एक पैसा बचत नभएको असम्बन्धित व्यक्तिको किटानी जाहेरीका आधारमा मुद्दा चलाइयो। एउटै मितिमा थप र पूरक अभियोग ल्याउन पाउने अवस्था छ र यसमा ? यो त रवि लामिछानेविरुद्ध राज्यको षड्यन्त्र हो।



भैरहवामा **दिपेश पछाई**

रास्वपा सभापति रवि लामिछानेमाथि राज्यले षड्यन्त्रपूर्वक मुद्दा चलाएको जिकिर गर्दै उनका कानुन व्यवसायीले रुपन्देही जिल्ला अदालतमा बहस गरेका छन्। बुटवलको सुप्रिम सहकारीको बचत रकम हिनामिनासम्बन्धी दायर मुद्दामा शुक्रबार थुनछेक बहसमा लामिछानेका तर्फबाट बहस गर्दै वरिष्ठ अधिवक्ता सुशील पन्तले बदनियतका साथ मुद्दा लगाइएको दाबी गरे।

थुनछेक बहस सकिएन, रविलाई परिवारको जिम्मा

'राज्यले रवि लामिछानेमाथि षड्यन्त्र गरेर, राजनीतिक प्रतिशोध साधेर, प्रक्रिया मिची बदनियतका साथ मुद्दा लगाएको छ,' वरिष्ठ अधिवक्ता पन्तले इजलासमा भने, 'राजनीतिक प्रतिशोध साध्दै धर्म छाडेर, प्रक्रिया मिचेर मुद्दा चलाइएको छ। अभियोगपत्रमा अपराध संहिताको दफा ३५ बमोजिम पूरक अभियोग ल्याइएको भनिएको छ। तर, यो दफाको प्रयोजन पहिले नै मुद्दा चलाइसकेका अभियुक्तका अभियोग थप्न मात्र हो, नयाँ अभियुक्त थप गर्न यसले अनुमति दिँदैन।'

» पृष्ठ २ मा क्रमशः

झन्नयाँ

विदेशी भिभिआइपीलाई खुवाउने
सेलेब्रिटी सेफहरू



विदेशका साततारे, पाँचतारे होटेलमा काम गरेका सेफहरू
स्वदेश फर्किएर राम्रो नाम-दाम कमाइरहेका छन्



हिउँमाथि
देउडा नाच

१३ वर्षसम्म अधुरै सिराहाको खानेपानी आयोजना

ट्रान्सफर्मर चोरी, सोलार प्लान्ट जीर्ण

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको धनगढीमाई नगरपालिका क्षेत्रका चारवटा खानेपानी आयोजना वर्षौंदेखि अलपत्र छन्। धनगढीमाई- ९ चैनपुर, १२ कुसमाहा सिमलटोकी, विष्णुपुरकट्टी तथा १३ को भोर्लेनीमा खानेपानी सरसफाइ उपभोक्ता समितिअन्तर्गतका खानेपानी आयोजना अलपत्र छन्।

२५ सय घरपरिवारलाई खानेपानी पुऱ्याउने भन्दै १३ वर्षअघि चैनपुरमा सुरु भएको खानेपानी आयोजनामा साढे चार करोड खर्च भइसकेको छ। तर, आयोजना स्थलको बाउन्डी, साढे चार लाख लिटर क्षमताको ओभरहेड ट्यांकी निर्माण, बोरिङ, विद्युतीकरणका लागि पोलिङ मात्र भएको छ। तीन फेजको दुई थान विद्युतीय मोटर, नयाँ ट्रान्सफर्मर र पाइप बिछ्याउने काम बाँकी नै रहेको धनगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष सकिल अख्तरले बताए। 'अझै १० करोड ३९ लाख बजेट लाग्ने अनुमान गरिएको छ,' उनले भने।

महुवाडाँडा, मुसहर्निया चैनपुर, श्यामपुर, जिरोमाइल र धनगढी बजार, सोनापुर, छपराढी र शान्तिपुरसम्म खानेपानी पुऱ्याउने भन्दै आव ०६८/६९ देखि खानेपानी आयोजना सुरु भएको हो। 'आयोजनाका लागि किनिएको ट्रान्सफर्मर तेल चुहिएर पुरानो भइसकेको छ। ०७०/७१ मा खरिद भएको ६ र चार इन्चको पाइप विद्यालयको चौरमा थुपारेर

» पृष्ठ २ मा क्रमशः

■ धनगढीमाई नगरपालिकाभित्रै अलपत्र छन् चारवटा खानेपानी आयोजना



१३ वर्षअघि निर्माण सुरु गरिएको धनगढी आयोजना



कुसमाहा सिमलटोकी खानेपानी आयोजना पाँच वर्षदेखि अधुरै



१० वर्षअघि सुरु भएको विष्णुपुरकट्टी खानेपानी आयोजना



सात वर्षदेखि अलपत्र भोर्लेनी खानेपानी आयोजना

■ अधुरा आयोजनाका लागि बजेट नहुँदा समस्या

राजविराजस्थित खानेपानी तथा सरसफाइ डिभिजनका प्रमुख विश्वनाथप्रसाद यादवले अधुरा खानेपानी आयोजनाका लागि आवश्यक बजेट नहुँदा समस्या भइरहेको बताए। 'चालू आव ०८१/८२ का लागि चार करोड बजेट छ, त्यहींबाट बाँडफाँट गरी धनगढीमाईका चार आयोजनामध्ये कम्तीमा एउटा सञ्चालन गर्ने योजनासहित काम गरिरहेका छौं,' उनले भने। उनका अनुसार संघीय ससर्त कार्यक्रमअन्तर्गत ३७८ वटा खानेपानी आयोजना मधेश प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको छ। अब डिभिजनको जिम्मेवारीमा ९९ आयोजना छन्। 'प्रदेश सरकारलाई हस्तान्तरण गरिए पनि संघले ससर्तबाट बजेट पठाउँछ,' उनले भने।



२५ सय घरपरिवारलाई खानेपानी पुऱ्याउने भन्दै १३ वर्षअघि चैनपुरमा सुरु भएको खानेपानी आयोजनाका लागि किनिएको ट्रान्सफर्मर तेल चुहिएर पुरानो भइसकेको छ। ०७०/७१ मा खरिद गरिएका ६ र ४ इन्चका दर्जनौं पाइप विद्यालयको चौरमा थुपारिएका छन्।

मिटरब्याजपीडितले चौथो चरणको आन्दोलन घोषणा गर्दै भने-

अबको आन्दोलन वारपारको हुन्छ



जनकपुरधाम/ मिटरब्याजपीडितले चौथो चरणको आन्दोलन घोषणा गरेका छन्। शुक्रबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै उनीहरूले आर्थिक शोषणविरुद्ध जनजागरण अभियान सञ्चालन गर्ने घोषणा गरेका हुन्।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपाल केन्द्रीय समितिका केन्द्रीय अध्यक्ष अवधेश कुसवाहले सरकारले विगतमा पीडितसँग गरेका सहमति कार्यान्वयन गर्न गम्भीरता नदेखाएको र उल्टै मिटरब्याजपीडितलाई थप पीडा दिने काम गरेको आरोप लगाए। ११ महिनाअघि गठित आयोग 'राजनीतिक प्रतिशोध'मा परेपछि स्वतः विघटनको अवस्थामा पुगेको छ।

१० देखि १४ वर्षका...

पृष्ठ १ बाट क्रमशः

पालिकामा पुऱ्याइनेछ । पालिकाले समन्वय गरेर मातहतका विद्यालयमा पठाउनेछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा ७० करोड पाँच लाख मूल्यको १७ लाख ७० हजार २० डोज खोप ल्याएको हो । १२ करोड हाराहारी बजेट नेपाल सरकारले खर्च गरेको छ भने अन्य गाभीले व्यहोरेको छ ।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले २२ माघदेखि ६ फागुनसम्म देशव्यापी रूपमा ६ देखि १० कक्षासम्म अध्ययन गर्ने १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई एचपिभी खोप दिन लागिएको बताउँदै यसमा कोही छुट्न नहुने बताए । विभागले विद्यालय तथा शिक्षा मन्त्रालयबाट तथ्यांक संकलन गरेर लक्षित छात्राहरूको संख्या यकिन गरेको थियो । 'हाल यो खोप विश्वका १४४ मुलुकमा नियमित प्रयोग भइरहेको छ, विश्व स्वास्थ्य संगठनबाट मान्यताप्राप्त यो खोप सन् २००६ देखि प्रयोगमा ल्याइएको थियो, भविष्यमा नेपालमा पनि पाठेघरको मुखको क्यान्सर हुनेको संख्या बढ्ने देखिन्छ, त्यसैले त्यसको रोकथामका लागि हामीले अहिले एउटा उमेर तह तोकेर खोप कार्यक्रम गर्न लागेका हौं,' डा. गौतमले भने, 'खोप जुन उमेर समूहका लागि बनेको हो, सोही उमेर समूहलाई दिँदा प्रभावकारी हुन्छ, यो उमेर समूह भनेको शारीरिक सम्पर्क तथा यौन क्रियाकलापमा एक्टिभ नहुँदैको अवस्था हो । विद्यालयमै पुगेर लक्षित उमेर समूहका किशोरी नछुट्ने गरी लगाउँछौं ।'

डा. गौतमका अनुसार विश्वमा महिलालाई सबैभन्दा धेरै स्तन क्यान्सर हुन्छ, तर मृत्युदर भने पाठेघरको मुखको क्यान्सरबाट धेरै छ । विश्वका अन्य देशमा पनि १० देखि १४ वर्षका बालिकामा यो खोपको प्रभावकारिता बढी देखिएको र खोपको कुनै साइडइफेक्ट नभएकाले भरपर्दो रहेको डा. गौतमको भनाइ छ ।

खोप कार्यक्रमका लागि केन्द्रबाट स्वास्थ्य सेवा विभागले समन्वय गरेको छ भने हरेक जिल्लाको पालिका हुँदै विद्यालयबाट खोप वितरण गरिँदै छ । लक्षित समूहलाई सो खोपको पहुँचमा ल्याउन देशैभरका निजी र सरकारी विद्यालयलाई शिक्षा मन्त्रालय तथा स्वास्थ्य सेवा विभागले परिपत्र गरिसकेको छ । विभागका अनुसार देशभरका निजी र सरकारी गरी १८ हजार नौ सय विद्यालयबाट सो खोप लगाइँदै छ । खोप अभियानका लागि सरकारले ५४ हजार १६० स्वमंसेवक परिचालन गर्दै छ भने १५ हजार ६७५ सुपरिवेक्षक खटिनेछन् । यो अभियानको व्यवस्थापनमा मात्रै तीन करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ ।

सरकारले हरेक वर्ष फागुन महिनालाई क्यान्सर स्क्रिनिङ टेस्ट महिनाको रूपमा मनाउने घोषणा गरिसकेको छ । अब हरेक वर्ष फागुन महिनामा एचपिभी खोप लगाइनेछ । यसपटक विश्व क्यान्सर दिवसको अवसर पारेर २२ माघदेखि ठुलो संख्यामा किशोरीहरूलाई खोप लगाउन लागिएको हो । हाल दिन लागिएको खोपको नाम 'सिकोलिन' हो जुन चीनले उत्पादन गरेको हो । यो खोपले पाठेघरको मुखको क्यान्सरका १६ देखि १८ प्रजातिका भाइरसलाई रोकथाम गर्छ भन्ने उत्पादक कम्पनीको दाबी छ । सिकोलिन खोपलाई विश्व स्वास्थ्य संगठनले नै मान्यता दिइसकेको र विश्वसनीय मानिएकाले खरिद गरिएको बाल स्वास्थ्य तथा खोप सेवा शाखा प्रमुख डा. गौतमले बताए । विद्यालयमा खोप कार्यक्रम सकिएपछि केही स्वास्थ्य संस्थाबाट पनि खोप दिइनेछ ।

एचपिभी खोप अभियान थाल्नुअघि राष्ट्रिय खोप सल्लाहकार समितिले गत २३ असोजमा स्वास्थ्य मन्त्रालयलाई सिफारिस गरेको थियो । सोही आधारमा मन्त्रालयले ८ कात्तिकमा खोप दिने निर्णय गरेको थियो ।

काठमाडौंमा मात्रै लगाउँदै छन् एक लाख १० हजार छात्राले खोप

जिल्लागत रूपमा सबैभन्दा धेरै खोप लगाउने छात्रा काठमाडौंमा छन् । यहाँका एक लाख १० हजार छात्राले यो खोप लगाउनेछन् । काठमाडौंका निजी र सरकारी गरी ४८८ विद्यालयमै पुगेर खोप दिइने जनस्वास्थ्य कार्यालय काठमाडौंले जनाएको छ । कार्यालय प्रमुख डा. वसन्त अधिकारीले खोप कार्यक्रमको सबैजसो तयारी पूरा भइसकेको बताए । 'हामीले खोप कार्यक्रम सञ्चालनका लागि पालिका तथा विद्यालयलाई प्राविधिक सबैखाले सहयोग गरेका छौं, त्यसको खर्च पनि हामीले नै गरेका छौं,' उनले भने ।

राज्यले षड्यन्त्र...

पृष्ठ १ बाट क्रमशः

संहिताको दफा ३२ अनुसार अभियुक्त थप गर्नुपर्दा कारण खुलाई उच्च सरकारी वकिलको कार्यालयको अनुमति लिएर अनुसन्धान गरी मुद्दाको प्रक्रिया अगाडि बढाउनुपर्नेमा प्रक्रिया पूरा नभएको वरिष्ठ अधिवक्ता पन्तले बताए । 'सरकारलाई रवि लामिछानेविरुद्ध मुद्दा चलाउनु थियो । नियतपूर्वक सरकारी संयन्त्रको दुरुपयोग गरेर, एक पैसा बचत नभएको असम्बन्धित व्यक्तिको किटानी जाहेरीका आधारमा मुद्दा चलाइयो । एउटै मितिमा थप र पूरक अभियोग ल्याउन पाउने अवस्था छ र यसमा ? यो त रवि लामिछानेविरुद्ध राज्यको षड्यन्त्र हो,' उनले भने ।

उनका अनुसार युवराज पौडेलको किटानी जाहेरी छ । 'युवराज पौडेल न बचतकर्ता, न अनुसन्धानकर्ता, न पीडित । असम्बन्धित व्यक्तिको जाहेरी किन लिइयो ?' पन्तको प्रश्न छ ।

लामिछानेमाथि संगठित अपराधको अभियोग लगाइएको भए पनि उनले व्यक्तिगत फाइदा हुने गरी कुनै आर्थिक लाभ गरेको पुष्ट्याइँ अभियोजन पक्षले गर्न नसकेको वरिष्ठ अधिवक्ता पन्तको जिकिर थियो । संगठित अपराधको अन्तर्राष्ट्रिय परिभाषासँग यो मुद्दा मेल नखाने उनको भनाइ थियो । उनले भने, 'सहकारी ठगीको मूल मुद्दा नै सहकारीसँग कुनै सम्बन्ध नभएकालाई लगाइएको छ । संगठित अपराधतर्फ त प्रवेश नै गर्नुपरेन । दुईजना एउटै कम्पनीमा काम गर्नुबाहेक संगठित अपराधको कुन परिभाषा यहाँ फिट हुन्छ ?'

लामिछानेको हस्ताक्षर भएको चेकबाट सुप्रिम सहकारीमा ४० लाख ऋण तिरिएको सम्बन्धमा पन्तले भने, 'डाइरेक्टर (जिबी राईको) अनसेक्योर्ड लोन छ भनेर अडिट रिपोर्टमै आएपछि त्यसलाई भर्ने गरी चेक काटिदे भन्दा काट्ने कि नकाट्ने ? कारोबारको सम्पूर्ण जिम्मा जिबी राईसँगै छ । ऋण तिर्ने चेकमा सही गरेको भन्दैमा सबै ऋण उसैले लिएको प्रमाणित हुन्छ र ?'

अधिवक्ता सुरेन्द्र थापाले जाहेरीभन्दा बाहिरको बिगो कायम गर्न नमिल्ने भन्दै यो मुद्दामा कानुनविपरीत ५५ करोड थप बिगो कायम गरिएको बताए । जिबी ग्रुपका अन्य कम्पनीलाई प्रतिवादी बनाइए पनि गोर्खा मिडियालाई नबनाउनुको नियत अभियोजन पक्षलाई सहकारीका बचतकर्ताको रकम फिर्ता होस् भन्ने नभई मुद्दा लगाउनु रहेको प्रस्ट हुने उनको तर्क थियो ।

प्रतिवादीतर्फको बहसभन्दा अघि जाहेरवालाका तर्फबाट शैलेन्द्र पासवान, आरसी गौतम र वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले बहस गरेका थिए । भण्डारीको बहस लम्बिएपछि न्यायाधीश प्रह्लादकुमार योगीले उनलाई पटक-पटक 'लामो भयो, छोट्याउनुस्, यो कुरा आइसक्यो' भन्दै रोक्न खोजेका थिए । यद्यपि, उनले झन्डै एक घण्टा १५ मिनेट बहस गरे ।

थुनछेक बहस सकिएन, रविलाई परिवारको जिम्मा

प्रतिवादीका तर्फबाट बहस सकिएको छैन । सरकारी वकिलका तर्फबाट पनि जवाफी बहस बाँकी छ । शुक्रबार मुद्दालाई हेर्दाहिँदैमा राखेर आइतबार बिहानबाट फेरि बहस सुरु हुने रुपन्देही जिल्ला अदालत न्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए । थुनछेक बहस नसकिएपछि रुपन्देही जिल्ला अदालतले लामिछानेलाई परिवारको जिम्मा लगाउन आदेश दिएको छ । बिहीबारबाट थुनछेक बहस थालिएकामा शुक्रबार जाहेरीवाला र लामिछानेका तर्फका दुई-दुईजना कानुन व्यवसायीले बहस गरे । थुनछेक बहस नसकिएपछि यसअघिजस्तै अदालतका जिल्ला न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले परिवार र कानुन व्यवसायीको जिम्मा लगाएको हो । जिल्ला अदालत रुपन्देहीका न्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीका अनुसार अब आइतबार फेरि थुनछेक बहस हुनेछ । थुनछेक बहसपछि न्यायाधीशले पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटी वा साधारण तारेखमा छाड्नेबारे आदेश दिनेछन् ।

शुक्रबार जाहेरवालातर्फबाट वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र अधिवक्ता आरसी गौतमले बहस गर्दै रकम अपचलनमा प्रत्यक्ष संलग्नता देखिएको भन्दै लामिछानेलाई थुनामै राख्नुपर्ने आदेशको माग गरेका थिए । लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र सुरेन्द्र थापाले बहस गर्दै सहकारी ठगी र संगठित अपराधमा मुद्दा चलाउनै नमिल्ने बताएका थिए । लामिछानेका तर्फबाट आठजना कानुन व्यवसायीले बहस गर्नेछन् ।

काठमाडौंसहित सात जिल्लाका प्रहरी प्रमुख फेरिए



काठमाडौं प्रहरी प्रमुखमा एसएसपी विश्व अधिकारी

काठमाडौं/ काठमाडौंसहित सात जिल्लाका प्रहरी प्रमुख फेरिएका छन् । गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयले शुक्रबार एसएसपी र एसपीको सरुवा निकालेको हो ।

काठमाडौंको प्रहरी प्रमुखमा एसएसपी विश्व अधिकारीलाई खटाइएको छ । उनी यसअघि प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत थिए । त्यस्तै, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा एसएसपी रमेश बस्नेतको सरुवा भएको छ ।

काठमाडौं परिसरका एसएसपी वसन्त रजौरे तथा अपराध अनुसन्धान कार्यालयका सानुराम भट्टराईको प्रहरी प्रधान कार्यालयमा सरुवा भएको छ । मानव बेचबिखन ब्युरोको एसएसपीमा दीपेन्द्र जिसीलाई पठाइएको छ । गृह मन्त्रालयले उनीहरूको सरुवा निकालेको हो ।

त्यस्तै, १७ एसपीको पनि काजसरुवा भएको छ । जसमा ६ जिल्लाका प्रमुख फेरिएका छन् । एसपी गौतम मिश्रलाई पर्सा पठाइएको छ । उनी दुई महिनाअघि मात्र चितवन गएका थिए । चितवनमा राजन लिम्बूको सरुवा भएको छ ।

त्यस्तै, बारामा सन्तोष तामाङ, इलामका एकनारायण कोइराला, नुवाकोटमा दुर्गाराज रेग्मी र सिन्धुपाल्चोकमा रामेश्वर कार्कीको सरुवा भएको छ । बारा, इलाम, नुवाकोट र सिन्धुपाल्चोकमा कार्यरत एसपीको बढुवा भएपछि ती जिल्ला रिक्त थिए । त्यस्तै, गृह मन्त्रालयले बढुवा भएका २५ एसएसपीको पनि पदस्थापन गरेको छ ।

१३ वर्षसम्म...

पृष्ठ १ बाट क्रमशः

राखिएको छ । खानेपानी आयोजना सञ्चालनका लागि नगरपालिका, खानेपानी डिभिजनमा धाए पनि सुनुवाइ नभएको धनगढीमाई- ९ का वडाध्यक्ष प्रकाश योञ्जनले बताए । '०७६/७७ देखि आयोजनाको काम ठप्प जस्तै छ,' उनले भने । उनका अनुसार ०७९/८० मा डिभिजनले नै प्राविधिक पठाएर ट्यांकीको उत्तर र दक्षिणतर्फ रहेको दुईवटा बोरिङ सफा गरेर गएपछि फर्केर आएका छैनन् । 'खानेपानी आयोजना सञ्चालन गर्न वडाको बजेटले धान्दैन,' उनले भने, 'राज्यको ठुलो लगानी भइसकेको आयोजना अलपत्र छोडिनुहुँदैन ।'

धनगढीमाई- १२ (साबिक विष्णुपुरकट्टी ५, ६ र ७ नम्बर वडा) का करिब चार सय घरपरिवारलाई खानेपानी पुऱ्याउन १० वर्षअघि सुरु खानेपानी आयोजनाको त भन् विद्युतीय ट्रान्सफर्मर नै चोरी भएको छ । खानेपानी तथा ढल निकास विभागको बजेटमा जडान गरिएको सोलार प्लान्टसमेत जीर्ण भएको वडाध्यक्ष जयप्रकाश ठाकुरले बताए ।

उनका अनुसार थटिया, विष्णुपुरसहित १० गाउँका नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउन आव ०७०/७१ मा थालिएको आयोजनाअन्तर्गत १२/१२ इन्चको दुई थान बोरिङ, २५० घनमिटर क्षमताको ओभरहेड ट्यांकी, कार्यालय र आवास भवन निर्माणको काम भएको छ । 'खानेपानी वितरणका लागि करिब ९५ प्रतिशत पाइप बिछ्याउने कामसमेत सकिएको छ,' उनले भने, 'आयोजनाको गत आवको ४८ लाख रुपैयाँ बजेट छ भन्ने सुर्नै, तर केमा खर्च भयो डिभिजनलाई नै थाहा होला ।'

धनगढीमाई- १२ कै (साबिक ८ र ९ नम्बर वडाअन्तर्गत पर्ने) ३५० घरपरिवारका लागि पाँच वर्षअघि सुरु भएको कुसमाहा सिमलटोकी खानेपानी आयोजनाको हालत पनि उस्तै छ ।

कुसमाहा खानेपानी उपभोक्ता समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष ठाकुरका अनुसार एक सय घनमिटर क्षमताको ओभरहेड ट्यांकी, कम्पाउन्ड, कार्यालय र गार्ड आवास निर्माण गरिएको छ । आयोजना सञ्चालन नहुँदा स्थानीय बासिन्दा आहाले, गडम्मे, कुसमाहाका बासिन्दा खुट्टीखोलाको पानी प्रयोग गरिरहेका छन् । 'अहिलेसम्म आयोजनाका लागि एक करोड १८ लाख खर्च भएको छ, तर स्थानीय बासिन्दा खोला, इनार, कुवाको पानीले तिर्खा मेटाउन बाध्य छन्,' उनले भने ।

आयोजना सञ्चालनका लागि कुसमाहा सिमलटोकीमा विद्युतीकरण र ट्रान्सफर्मर खरिद, पाइपलाइन बिछ्याउने, तीन फेजको विद्युतीय मोटर खरिद, भवन मर्मत गरी ६ करोड ३२ लाख बजेट लाग्ने अनुमान गरिएको छ ।

धनगढीमाई नगरपालिका- १३ भोर्लेनीस्थित विष्णुपुरकट्टी खानेपानी आयोजना पनि सात वर्षदेखि अलपत्र छ । आव ०७३/७४ देखि थालिएको खानेपानी आयोजनाका लागि ०७६/७७ को १० लाख पूरै र ०७९/८० को ३० लाखमध्ये २७ लाख ५९ हजार डिभिजन खानेपानीको कारणले फ्रिज भएको धनगढीमाई-१३ का वडाध्यक्ष सूर्यमान तामाडले बताए ।

गत आवको १० लाख बजेटमध्ये आयोजनाको कार्यालय भवन निर्माणका ठेकेदारलाई पाँच लाख भुक्तानी दिए पनि बाँकी पाँच लाख फ्रिज भएको छ । 'तत्कालीन विष्णुपुरकट्टी गाविसको १, २ र ४ नम्बर वडाका ८८१ घरपरिवारलाई लक्षित गरी थालिएको आयोजना सञ्चालन गर्न करिब १२ वटा टोल-बस्तीमा पाइपलाइन खरिद र बिछ्याउने, भवन निर्माण, तीन फेज विद्युतीय लाइन जडान र मोटर खरिदसहित करिब एक करोड ३७ लाख रुपैयाँ आवश्यक पर्ने देखिन्छ,' उनले भने ।

सिद्धबाबा...


पृष्ठ १ बाट क्रमशः

भन्ने रहेन । हामीले यसलाई अझ सुगम बनाउनु छ,' ओलीले भने, 'मुलुकमा शीघ्र विकास र सुशासन दिन अहिलेको सरकार तल्लीन छ । हामी अरूको पनि सहयोग लिन्छौं र हामी बनाउँछौं हाम्रो देश । देशलाई फाइदा हुने कुरामा सरकारको ध्यान जानेछ । हाम्रा प्रयास यसैतर्फ केन्द्रित छन् ।' नेपाल हिजोजस्तो दुर्गम नरहेर सुगम बनाउनेतर्फ सरकार केन्द्रित रहेको धारणा प्रधानमन्त्री ओलीले राखे । कार्यक्रमस्थलमा उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह, विष्णुप्रसाद पौडेल, भौतिक यातायात तथा पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायत सहभागी थिए ।

गाडी गुडाउन एक वर्ष लाग्ने

सुरुङमार्ग 'ब्रेक थ्रु' गरिए पनि सुरुङभित्रको लाइनिङ र स्लोप मिलाउन बाँकी छ । तसर्थ गाडी गुडाउन अझै एक वर्ष लाग्ने सिद्धबाबा सुरुङ आयोजना कार्यालयले जनाएको छ । सिद्धार्थ राजमार्ग भएर साना-ठुला दैनिक हजारौं सवारी बुटवलबाट पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पोखरा, बागलुङलगायत लुम्बिनी र गण्डकीका पहाडी जिल्लामा ओहोरदोहोर गर्छन् ।

आयोजनाकी सूचना अधिकारी इन्जिनियर सविता ज्ञवालीका अनुसार सुरुङभित्र केही समस्या आए बाइपासबाट निस्कन मिल्ने गरी तीनवटा बाइपास बनाउने काम पनि भइरहेको बताइन् । पहिलो बाइपासको लम्बाइ १५१ मिटर, दोस्रोको १६१ र तेस्रोको १३० मिटर छ । चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाखमा निर्माण सक्ने गरी ठेक्का लिएको थियो । २५ फागुन ०७८ को सम्झौताअनुसार ८ चैत ०८३ भित्र काम सम्पन्न गर्नुपर्नेछ ।



भावपूर्ण
श्रद्धाञ्जली

हाम्रा अनन्य मित्र सोहन श्रेष्ठका पुजनीय पिता
सिंहकुमार श्रेष्ठको
स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा
दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण
श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनप्रति
हार्दिक समवेदना व्यक्त गर्दछौं ।

स्व. सिंहकुमार श्रेष्ठ
जन्म : वि.सं. १९९२ माघ १४
स्वर्गारोहण : वि.सं. २०८१ पुस २५

कृष्णज्वाला देवकोटा
आनन्दबहादुर चन्द
भीमबहादुर चन्द
समीर दाहाल
सुवर्णलाल श्रेष्ठ
नीरज राई
गोविन्द मरासिनी
दिलीप थापा
चेतन सापकोटा
तारासिंह बम
धनराज ज्ञवाली
सचेनलाल आचार्य

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यानयाँ
शनिबार १२ माघ ०८१
nayapatrikaofficial @naya_patrika



एलबी कौशल



विष्णु मगर



शेरबहादुर कार्की



भोजकुमारी शाह



आरबी बुढाथोकी

नेपालका प्रधानमन्त्रीहरू मात्रै होइन भारतका प्रधानमन्त्री, चीनका राष्ट्रपति, खाडीको राजपरिवार र जर्मन चान्सलरसमेतलाई आफूले बनाएको पकवान खुवाएका यी पाँच सेलेब्रिटी सेफका संघर्ष र सफलता उदाहरणीय छन् ।

अध्ययन र अवसरका लागि बिदेसिने युवाहरूको संख्यामा कमी आएकै छैन । होटेल म्यानेजमेन्ट पढेर विदेश जाने युवाहरूको संख्या पनि धेरै छ । नेपालभन्दा विदेशका होटेलहरूमा सजिलै काम, राम्रो तलब र सेवासुविधा पाइने लोभमा उनीहरू बिदेसिइरहेका छन् । तर, कतिपय विदेशका सात तारे, पाँचतारे होटेलमा काम गरेका सेफहरू स्वदेश फर्किएर राम्रो नाम-दाम कमाइरहेका छन् । ती सिनियर सेफहरूलाई हस्पिटालिटीको दुनियाँमा से लेब्रिटी नै मानिन्छ । नेपालका प्रधानमन्त्री मात्रै होइन भारतका प्रधानमन्त्री, चीनका राष्ट्रपति, खाडीको राजपरिवार र जर्मन चान्सलरसमेतलाई आफूले बनाएको पकवान खुवाएका यी पाँच सेलेब्रिटी सेफका संघर्ष र सफलता उदाहरणीय छन् ।

भान्सा



पवन बराइली

विदेशी भिभिआइपीलाई खुवाउने सेलेब्रिटी सेफहरू

विदेशका सात तारे, पाँचतारे होटेलमा काम गरेका सेफहरू स्वदेश फर्किएर राम्रो नाम–दाम कमाइरहेका छन्

एलबी कौशल- भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहलाई रोटी खुवाएँ

सिद्धार्थ हस्पिटालिटी प्रालिमा सेफ एलबी कौसल ६ वर्षदेखि एसोसिएट डाइरेक्टरका रूपमा कार्यरत छन् । उनी इन्टरनेसनल सेफ सोसाइटी नेपालका अध्यक्षसमेत हुन् । विश्वभर छरिएर रहेका नेपाली सेफहरूको सीपलाई नेपालमै प्रयोग गराउने जमर्को छ, उनको । नेपालका होटेल म्यानेजमेन्ट कलेजहरूले पनि कौसललाई खोजिरहेका हुन्छन् ।

गुल्मीको सामान्य परिवारमा जन्मिए कौसल । उनको बुबा नयाँदिल्लीमा नोकरी गर्थे । उनको ५ कक्षादेखि कलेज जीवन भारतमै बित्यो । उनलाई सानैदेखि किचनमा खाना बनाउन मनपर्थ्यो । सन् २००० मा कक्षा १२ सकेपछि दिल्लीकै होटेलमा काम गर्न थाले । होटेलमा काम गर्न जाँदा उनी नेपाली भएकोमा हेपिन्थे । तर, उनले होटेललाइन छाडेनन् । पाँच वर्ष होटेलमा काम गर्दा उनी स्वादिलो परिकार पकाउन अब्बल भइसकेका थिए । होटेलको किचनमा काम गर्दागर्दै उनी दिल्लीमै ब्याचलर आर्ट एन्ड होटेल म्यानेजमेन्ट पढ्न भर्ना भए । पछि बिएचएम पढाइ सके ।

पढाइसकेलगत्तै उनलाई दिल्लीको तारे होटेल अशोकबाट सेफका लागि प्रस्ताव आयो । होटेलले उनको काम मन परायो । त्यहाँ एक वर्ष बिताएर सेफको रूपमा होटेल दिल्ली कन्टिनेन्टल गए । राम्रो सेवा-सुविधा पाए । त्यहाँ चार वर्ष काम गरेपछि माथिल्लो तहको एक्जुकेटिभ सेफको रूपमा काम गर्न एसआरएस ग्रुप होटेलबाट प्रस्ताव आयो । भारतको विभिन्न तारे होटेलमा १७ वर्ष सेफको रूपमा काम गरे । भारतमै उनको भनेजस्तो कमाइ थियो । तर, मन भने भारतमा अडिएन । आफूले सिकेको सीप र अनुभव नेपालमा बाँड्ने सोच बनाए ।

नौ वर्षअघि नेपालगन्जमा 'सन्राइज एकेडेमी एन्ड हस्पिटालिटी म्यानेजमेन्ट कलेज' खोल्ने तयारी भइरहेको थियो । कलेजले उनलाई विशेषज्ञको रूपमा बोलायो । त्यसपछि नेपालका होटेल म्यानेजमेन्ट कलेजहरूमा विशेषज्ञको रूपमा व्यस्त हुन थाले । आफूसँग भएको सीप अरूलाई बाँड्दै हिँडे । उनी भन्छन्,'मैले विदेशमा आफ्नो प्रतिभा र क्षमता देखाइसकेको थिएँ । आफ्नो क्षमतालाई नेपाली माटोमै देखाउन मन लाग्यो ।'

कौशललाई सिद्धार्थ होटेलले एक्जुकेटिभ सेफको रूपमा अफर गऱ्यो । आफूले खाना खुवाएका नेता, कलाकार, धनाढ्य, व्यापारी, सेलेब्रिटी, पत्रकारजस्ता हाई प्रोफाइलको लामो सूची छ, उनीसँग । भारतीय पूर्वप्रधानमन्त्री मनमोहन सिंहलाई उनले आफूले बनाएको परिकार खुवाएका छन् । मनमोहन सिंहले रोटी, मटन रोबनजस्ता परिकार खुब मन पराएको उनको भनाइ छ । उनले पकाएका परिकार प्रधानमन्त्री केपी ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, बाबुराम भट्टराई, विनोद चौधरी, राजेश हमाल, भुवन केसीजस्ता नेता तथा सेलेब्रिटीले स्वाद मानीमानी खाएका छन् ।

ओलीलाई उनले बोनलेस माछा र लोकल कुखुराको बोनलेस परिकार पखाएर खुवाएका छन् । खाना मीठो लागेपछि ओलीले भनेका थिए,'तपाईंको हातले बनाएको खाना एकदमै मीठो रहेछ ।'

पूर्व राजा ज्ञानेन्द्रलाई भैरहवामा १७ दिन उनलै पखाएर खुवाए । ज्ञानेन्द्रबाट पनि उनले स्वाबासी पाए । नेपाली खानालाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउने योजना रहेको कौशल सुनाउँछन् । 'नेपाली खाना र संस्कृतिलाई प्रवर्द्धन गर्ने सोच छ । हाम्रो देशका कुनाकन्दरामा मौलिक खानेकुरा छायामा परेका छन् । त्यस्ता खानेकुरालाई बाहिर ल्याएर अन्तर्राष्ट्रियकरण गर्नुपर्छ ।'

विष्णु मगर- जर्मन चान्सलर एन्जेला मर्केललाई युरोपियन खाना खुवाएँ

नेपालको कहलिएका होटलको सेफको सूचीमा विष्णु मगरको नाम पहिलो लहरमै आउँछ । सामान्य भान्से हुँदै प्रतिष्ठित 'सेफ'को परिचय बनाएका उनले झन्डै दुई दशक चीनको पाँचतारे होटलको 'किचेन'मा बिताए । चीनका आठवटा प्रान्तको पाँचतारे होटेलमा एक्जुकेटिभ सेफको रूपमा काम गरे । नेपालको म्यारिएट र हिल्टनजस्ता तारे होटेलको किचेन सम्हाले । अहिले उनले लाजिम्पाटमा आफ्नै रेस्टुरेन्ट खोलेका छन्, नामन्ता किचेन ।

विष्णुको सेफ यात्रा ठमेलको एक रस्टुरेन्टको 'किचेन हेल्पर'बाट सुरु भएको थियो । १५ वर्षको हुँदा उनी अवसर खोज्दै काठमाडौं आए । टंगालको एक स्कुलमा कक्षा ९ मा भर्ना भए । ठमेलको एउटा रेस्टुरेन्टमा किचन हेल्परको रूपमा काम सुरु गरे ।

दुई वर्ष उनले त्यही होटेलमा काम गरे । त्यहाँ बस्दा विभिन्न परिकार बनाउन पोख्त भइसकेका थिए । सन् २००२ तिरको कुरा हो । चीनको सांघाईस्थित निजाङ गार्डेन रेस्टुरेन्ट एन्ड बारबाट काम गर्ने प्रस्ताव आयो । त्यहाँ उनले चार वर्ष काम गरे । दुई वर्ष काम गरेपछि सेफ म्यानेजरको जिम्मेवारी पाए ।

सन् २००६ देखि सांग्रिलामा काम गरे । त्यसपछि उनको पाँचतारे होटेलको यात्रा सुरु भयो । विष्णुले होटेलमा हेड सेफको रूपमा काम गर्न थाले । त्यहाँ एक वर्ष काम गरे । त्यही होटेलमा विश्वका हाइफ्रोइल मान्छेहरू मात्रै आउँथे । त्यसवेला जर्मन चान्सलर एन्जेला मर्केललाई पनि उनले खाना बनाएर खुवाए । उनी भन्छन्, 'चाइनामा काम गरेको आठ वर्ष भइसकेको थियो । नेपाल फर्किन्छु भन्थें, तर फर्किन दिएनन् ।'

विष्णुले एक्जुकेटिभ सेफको रूपमा सेराटनको होटेल बेइजिङमा २०१७ सम्म काम गरे । भारतीय प्रधानमन्त्री मोदी चीनमा आउँदा विष्णुले रोटी, साग तयार पारेका थिए । खाना खाएपछि मोदीले उनलाई भनेको शब्द अझै कण्ठस्थ छ । मोदीको भनाइ सम्झँदै विष्णु भन्छन्, 'भारतको भन्दा हेल्दी खाना खुवाउनुभयो ।'

विष्णु कोरोना महामारी सुरु भएपछि देश फर्किए र १८ वर्ष चीनमा आर्जनका गरेको ज्ञान नेपालमै फैलाउने सोच बनाए । उनले लाजिम्पाटमा पुरानो रेस्टुरेन्ट किने र त्यसलाई आफ्नै तरिकाले डिजाइन गरे । अचेल विष्णु आफ्नै नामन्ता किचनमै व्यस्त छन् ।

शेरबहादुर कार्की- कतारी राजपरिवारलाई कोदोको सलाद चखाएँ

कुवेत र कतारको तारे होटेलमा काम गरेर फर्केका अर्का सेफ हुन् शेरबहादुर कार्की । झन्डै तीन वर्षदेखि नेपालको टिबेट होटेलको भान्सा उनले सम्हालिरहेका छन् ।

सन् २००३ तिरको कुरा हो । बिदेसिने लहर उस्तै थियो । शेरबहादुरलाई पनि देशको अवस्थाप्रति सन्तोष लागेन । देशमा भनेजस्तो काम नपाउँदा उनलाई निद्रा पर्न छोड्यो । उनी रोजगारीका लागि चारतिर भौंतारिए । तर, भनेजस्तो काम पाएनन् । उनलाई कुवेतको पाँचतारे क्राउन प्लाजा होटेलबाट काम गर्ने प्रस्ताव आयो । राम्रो पैसा कमाउने सोचले कुवेत उडे । किचन हेल्परको रूपमा काम थाले । होटेलले एक महिना ट्रायलमा राख्यो । त्यसपछि उनको काम मन परायो । उनलाई स्थायी रूपमै राख्यो । उनी भन्छन्,'त्यसवेला विदेशमा काम पाउँनै गाह्रो । एक महिना ट्रायल गरेपछि मात्रै होटेलले राख्यो ।'

शेरबहादुरले आफूलाई खाना बनाउने सीपमा निखार्दै लगे । उनले बनाएको खाना खाएपछि गेस्टहरूले तारिफ गर्न थाले । मीठो खाना पकाउने कौशलको कारण होटेलमा उत्कृष्ट 'सुसेफ' दर्जा पाए ।

होटेलले हरेक वर्ष सेफहरूको कम्पिटिसनमा पठाउँथ्यो । त्यसवेला क्राउन प्लाजा होटेलले दुबईको मदिना जुमेरा होटेलमा 'वर्ल्ड सेफ एसोसिएसन'को प्रतियोगितामा भाग लिने भयो । प्रतियोगितका लागि त्यो होटेलको हेड सेफमा उनी छानिए । प्रतियोगितामा ३५ जनालाई खाना बनाएर खुवाउनुपर्थ्यो । 'प्रतियोगितामा १९ देशका सात तारे होटेलका सेफहरू सहभागी थिए । प्रतियोगितमा ३२ सय जना सेफको बिचमा प्रतिस्पर्धा हुन्थ्यो, उनी भन्छन्,'त्यहाँ हरेकलाई फुड टेस्टिङ गराउनुपर्थ्यो । हरेक देशका खानेकुरा थिए । त्यो प्रतियोगितामा हाम्रो टिमले सिल्भर अवार्ड जित्न सफल भयो ।'

क्राउन प्लाजाको भान्सामा उनले १४ वर्ष बिताए । त्यहाँको बसाइले उनलाई स्थापित नै गऱ्यो । उनलाई कतारको सितारा मेडिसिन हस्पिटल (सेभेन स्टार हस्पिटल)मा काम गर्ने प्रस्ताव आयो । उनी कुवेतबाटै सोझै कतार गए । त्यहाँ सेफको रूपमा काम गरे । हस्पिटलको किचन उनले नै सम्हाले ।

क्राउन प्लाजा होटेलको अनुभवले उनलाई कतार पुरायो । त्यहाँ एक सय नौजनाको सेफको नेतृत्व उनले नै गर्थे । 'बिरामीको रोगअनुसारको खान तयार गर्नुपर्थ्यो । त्यहाँ धनाढ्य, राजपरिवारका मान्छे मात्रै उपचारका लागि आउँथे । हस्पिटलको किचनमा सेफको रूपमा काम गर्नु ठुलो चुनौती लिनु हो । बिरामीको मात्रै खाना बनाउनुपर्थ्यो । राजपरिवारका सदस्य, धनाढ्य, सेलिब्रेटी, व्यवसायी बिरामीहरू मात्रै उपचारका लागि आउँथे । उनीहरूका लागि उच्च निगरानीमा खानेकुरा पकाउनुपर्थ्यो', उनले भने ।

त्यहाँ शेरबहादुरको तलब र सेवा सुविधा राम्रो थियो । मासिक तीन लाखभन्दा धेरै कमाउँथे । उनले कतारमा तीन वर्ष काम गरे । सन् २०१९ मा कोभिड महामारी सुरु भएपछि उनी बिरामी परे । निको भएर नेपाल फर्किए । परिवारले कतारमा फर्किन दिएनन् । विदेशमा आफूले जानेको कला र सीपलाई नेपालमै प्रयोग गर्ने सोचे । उनी भन्छन्, 'सुरुमा नेपालमा मार्केट बुझ्नलाई गाह्रो भयो । विदेश र यहाँको सिस्टम नै फरक छ । नेपालको होटेल क्षेत्र बुझ्नलाई एक वर्ष लाग्यो ।'

एक वर्षपछि उनलाई होटेल टिबेटबाट अफर आयो । होटेलले उनलाई सेफको रूपमा नियुक्ति गऱ्यो । १४ वर्ष विदेशको तारे होटेलमा सिकेको सीपलाई नेपालमा पस्किरहेका छन् अहिले । मेन्युमा नयाँ परिकार थपेर ग्राहकहरूको मन जितिरहेका छन् । नेपाली परिकारलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने योजना उनको पनि रहेको छ । उनले परम्परागत रैथाने नेपाली परिकारलाई आधुनिकता र सिर्जनात्मकता थपेर अन्तर्राष्ट्रियस्तरमा प्रदर्शन गर्न सकिने बताए । भन्छन्,'नेपालमा धान, कोदो, मकै, गहुँ, फापर उत्पादन हुन्छ । तर, यी अन्नलाई हामीले प्रयोग गरेर परिकार बनाउन सकेका छैनौं । कोदोको सलाद बनाएर कतार का राजपरिवारलाई चखाएँ । नेपालमा पनि कोदोको सलाद होटेलको मेनुमा थप्न सकिन्छ ।'

भोजकुमारी शाह- बलिउडका हस्तीहरूलाई कन्टिनेन्टल फुड खुवाएँ

भोजकुमारी शाहका बुबाआमा छोरीलाई नर्स बनाउन चाहन्थे । तर, भोजकुमारी भने सानैदेखि भान्सामा काम गर्न चाहन्थे । त्यसैले नर्सको सट्टा उनले होटेल म्यानेजमेन्ट रोजिन् ।

भोजकुमारीको दाजु सुनसरीबाट काठमाडौं आएर अध्ययन गरिरहेका थिए । उनले भारतमा होटेल म्यानेजमेन्ट पढ्न बहिनीलाई सुझाए । दाजुले आफ्ना साथीहरू पनि यही विषय पढ्न भारत जान लागेको सुनाए । आमाबुबालाई भने होटेल क्षेत्र खासै राम्रो लागेन । टोलछिमेकीमा पनि होटेल क्षेत्रमा छोरीमान्छेले काम गर्नुहुँदैन भन्दै नकारात्मक टिप्पणी भयो । 'समाजले महिलालाई घरायसी काम मात्रै तोकिदिन्थ्यो,' उनी भन्छिन् 'छोरी मान्छेले होटेलमा काम गर्दा नराम्रो नजरले हेर्थ्यो । गाउँलेहरूले कुरा काट्थे । बुबाआमालाई छोरी होटेलमा नपठाउनु भन्थे । सबै चुनौती मोलेर भारतमा पढ्न गएँ ।'

सन् २००६ मा भोजकुमारीले भारतको जयपुरबाट होटेल व्यवस्थापनमा स्नातक (बिएचएम) सकाइन् । बिएचएम सकेपछि उनले द ललित होटेलमा ६ महिनाको व्यावसायिक तालिम लिइन् । तालिम सकेर एक होटेलमा सेफको रूपमा काम थालिन् ।

त्यसवेलामा होटेलको किचनमा महिलाहरू भेटिँदैनथे । होटेलको भान्सामा सुरुवाती महिला हुनुका कारण उनले धेरै चुनौती सामना गर्नुपऱ्यो । तारे होटेलको भान्साको नेतृत्वमा पुरुष मात्रै हुन्थे । भोजकुमारीले आफ्नो सीप, मिहिनेत र समर्पणले यो परम्परालाई तोडिन् ।

'मलाई सुरुवाती दिनमा किचनमा काम गर्न निकै अप्ठ्यारो लाग्थ्यो । त्यसवेला भान्सामा सबै केटाहरू मात्रै हुन्थे । भान्सामा केटाहरूको भिडमा काम गर्न आफूलाई सजिलो लाग्दैनथ्यो । बिस्तारै सहज बनाउँदै लगें । छोरी मान्छे भएर गर्न सकिँदैन भन्ने सोच राख्नु नहुनेरहेछ,' उनी भन्छन्, 'त्यो मनोविज्ञान राखेर बसेको भए सेफ बन्न सक्दिनँ थिएँ ।'

भारतको नोभोटेल होटेल हैदराबाद, अमनबाग होटेल जयपुर, द लोधी होटेल नयाँदिल्ली, जानुमा प्यालेस भोपालजस्ता तारे होटेलको भान्सा उनले सम्हालिन् । सन् २०१६ मा उनी ओमानको एउटा तारे होटेलमा सेफका रूपमा काम गर्न पुगिन् । त्यहाँ पनि तलब र सेवा सुविधा राम्रो थियो । त्यहाँ झन्डै चार वर्ष काम गरेर उनी नेपाल फर्किइन् ।

'सानै उमेरदेखि परिवारबाट टाढा बसेँ । झन्डै १३ वर्ष परिवारबाट टाढा भएर बसेछु । सबैजनाले नेपालमा पनि गर्न सकिन्छ भन्नुभयो । मलाई पनि नेपालमा आउन मन लाग्यो । तर, फर्केको केही महिनामै कोरोना महामारी सुरु भयो',उनले भनिन् । कोरोना महामारीपछि उनी भारत गइन् । भारतको एक होटेलमा सेफको रूपमा काम गरिन् । त्यहाँ उनले बलिउड कलाकार अनुपम खेर लगायत धेरै कलाकारलाई खाना खुवाइन् । तर, त्यहाँ काम गर्दागर्दै नेपालबाट रम्दा होटेलले एक्जुकेटिभ सेफका लागि प्रस्ताव गऱ्यो । 'विदेशको ज्ञान र सीपलाई नेपालमै प्रयोग गर्ने सोच बनाएँ र नेपाल फर्किएँ,' उनी भन्छिन् ।

आरबी बुढाथोकी- सी जिनपिङलाई सिस्नो र मोदीलाई खिचडी खुवाएँ

विदेशमा सिकेको सीप र अनुभव स्वदेशमै बाँड्न पाउँदा सुसेफ आरबी बुढाथोकीलाई आनन्द आउँछ । उनी कुवेतको पाँचतारे होटलमा नौ वर्ष काम गरेर आएका हुन् । अहिले उनी सोल्टी क्राउनप्लाजाको सुसेफको रूपमा कार्यरत छन् । उनले नेपालका होटेल म्यानेजमेन्ट कलेजमा पाककलासम्बन्धी प्रशिक्षणसमेत दिँदै आएका छन् ।

आरबी रामेछापको खाँडादेवी- ६ मा जन्मिए । उनका दाजुहरू पनि होटेलमा काम गर्थे । उनलाई दाजुहरूले होटेलतिर नै लाग्न सुझाए । सन् २००६ मा उनले होटेल म्यानेजमेन्टसम्बन्धी डिप्लोमा गरे । नेपालमै होटेलतिर काम खोज्न थाले । तर, भनेजस्तो काम पाएनन् । त्यसपछि उनी कुवेत हान्निए । सुरुमा उनले कबाब जी लेबनिस रेस्टुरेन्टमा किचनमा काम गरे । त्यसपछि ६ महिना बुर्ज अल हमाम रेस्टुरेन्टमा काम गरे । त्यहाँ काम गर्दागर्दै कुवेतको पाँचतारे होटेल क्राउन प्लाजाले कामदार मागेको रहेछ । उनले क्राउन प्लाजामा आवेदन दिए । चार सय जनामध्येबाट उनी छानिए । उनको कार्यक्षमताकै कारण ११ महिनामा सेफमा बढावा भए । उनको सेवा-सुविधा पनि तेब्बरले बढ्यो । त्यसपछि होटेलको इटालियन, फ्रेन्च, भारतीय, जापानिज खाना बनाए । त्यहाँ नौ वर्ष काम गर्दा उनले होटेलको सुसेफको जिम्मेवारी पाएका थिए । 'काम सिक्ने हुटहुटीले गर्दा जिम्मेवारी पाएँ । होटेलले आयोजना गर्ने सेफको प्रतिस्पर्धामा पनि तीनपटक मेडल जितेँ,' उनले भने ।

कुवेतको क्राउन प्लाजामा राजपरिवारको पार्टी हुन्थ्यो । त्यहाँ आरबीले मेनु तयार गर्थे । भन्छन्, 'कुवेतको राजपरिवारको पार्टी त्यही होटेलमा हुन्थ्यो । त्यो पार्टीमा किचेनको जिम्मेवारी मेरो हुन्थ्यो । उनीहरूका लागि मेनु मैले तयार गर्नुपर्थ्यो ।'

होटेलले दिएको जिम्मेवारी पूरा गरेपछि उनी स्वदेश फर्किए । उनलाई विदेश जान मन लागेन । विदेशमा सिकेका सीप र अनुभवलाई नेपालमा प्रयोग गर्न लाग्यो उनलाई । त्यसपछि उनले नेपालमै रेस्टुरेन्ट खोल्ने योजना बनाए । रेस्टुरेन्ट खोले पनि । तर, सञ्चालन गर्न सकेनन् । दुई वर्ष चलाएर बेचिदिए । आरबीले नेपालका हाइप्रोफाइलका सेलेब्रिटीलाई खाना खुवाएका छन् । नरेन्द्र मोदी, सी जिनपिङ, पुष्पकमल दाहाल प्रचण्ड, विद्यादेवी भण्डारी, मनीषा कोइरालालगायतलाई खाना खुवाएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा उनका लागि भान्सा आरबीले हेरे । त्यस्तै, सिजिङपिङ आउँदा पनि उनले नेपाली झ्ल्किने खाना बनाएका थिए । आरबी भन्छन्, सी जिनपिङलाई मैले सिस्नो र मोदीलाई खिचडी खुवाएँ ।'

अध्यात्म, धर्म र राजनीतिको सम्बन्ध

चिन्तन



● रामचन्द्र शर्मा



कानुनी भाषामा सबै करार सम्झौता हुन्, सबै सम्झौता करार हुन सक्दैनन् भनिन्छ। त्यसैगरी, अध्यात्म धर्म हो, सबै धर्म अध्यात्म नहुन सक्छ। अध्यात्म र धर्म राजनीतिको स्रोत हो, राजनीति अध्यात्म र धर्मअनुसार नगरिएको हुन सक्छ। अध्यात्म र धर्मलाई एउटै वा बिलकुल अलग सम्झने र राजनीति गर्नेले अध्यात्म र धर्मको उच्चारण पनि गर्न हुँदैन भन्ने भ्रम र अतिवादी सोच देखिन्छ, समाज र राजनीति गर्नेहरूमा। अध्यात्म, धर्म र राजनीति अलग-अलग शब्द हुन्, अर्थ पनि फरक छ, तर सम्बन्ध अन्योन्याश्रित छ। किनभने, मानिसको कल्याणका लागि मानिसले विकसित गरेका अवधारणा हुन्। पुस्तौंपुस्ताका ऋषिमुनि र दार्शनिकको लामो आत्मानुसन्धानबाट यी अवधारणा जन्मिएका हुन्।

हाम्रै ऋषि वेदव्यासले वेद रचना गरी अध्यात्म र प्राचीन सनातन हिन्दु धर्मको जग बसालेको देश नेपालको राजनीति अध्यात्म र धर्मबाट विमुख हुँदा भयावह अवस्थामा पुगेको छ। नेपालको आत्मा अध्यात्म हो। पश्चिमा सभ्यता र संस्कृतिको अन्धानुकरणले थला पऱ्यो यो ऋषिभूमि। वेदबाट ज्ञान लिएर पश्चिमा मुलुकले भौतिक उन्नतिको शिखर चुमे। वेद र भागवत गीताको अवज्ञा गर्दा अस्वाभाविक रूपमा पछि पऱ्यौं हामी। त्यसैले, अध्यात्म, धर्म र राजनीतिको सम्बन्धमा यो लेख केन्द्रित गरिएको छ।

छोटकरीमा भन्नुपर्दा अध्यात्म भनेको आफूलाई चिन्नु हो। आफू भनेको जीवन हो। जीवन प्राणवायुदेखि ऊर्जा, चेतना, सत्य, शरीर, मन, चित्त, अहंकार, वुद्धि , विवेक, आत्मा, ज्ञान, सजगता, रिस, राग, द्वेष, अनुभव र अनुभूतिजस्ता अदृश्य कुराले चलाएको हुन्छ। यिनै अदृश्य कुरा नै बलवान् छन्। अध्यात्मले यी अदृश्य कुराबिच समन्वय, सहकार्य र सहअस्तित्व कायम गर्ने ज्ञान र विधि दिन्छ।

मानिसको जीवन शरीर, मन र आत्माको त्रिवेणी हो। शरीर पूर्वजहरूबाट, मन पूर्वजन्मको कमाइबाट र आत्मा परमात्माबाट आएर बनेको हुन्छ, त्रिवेणीरूपी जीवन। शरीरबाट सुख, मनबाट खुसी र आत्माबाट आनन्द प्राप्त हुन्छ। शरीर, मन र आत्मा सुख, शान्ति र समृद्धिका तीन सिँढी हुन्। योगले जीवन ऊर्जा प्रकट र सञ्चार गरी शरीर स्वस्थ राख्छ। प्राणायामले हरेक कर्म गर्ने गराउने सर्वेसर्वा मनलाई संयमित बनाउँछ। ध्यानले ज्ञानको दायरा फराकिलो र गहिरो पार्छ।

> हरेक मानिसमा कुनै न कुनै प्रतिभा र क्षमता हुन्छ। आफ्नो क्षमता र प्रतिभा चिनेर आफ्नो स्टोरी लेखे जीवन सफल बन्छ।


अध्यात्म कुनैपनि बन्धन होइन, परम स्वतन्त्रता हो। अध्यात्म र धर्म अन्तरसम्बन्धित छन्। तर, फरक कुरा हुन्। अध्यात्म र भौतिक विज्ञानबिच समानता र फरक दुवै छ तर द्वन्द्व छैन। अध्यात्म, धर्म र भौतिक विज्ञान सबै मानिसको हितका लागि मानिसले सिर्जना गरेका हुन्। यिनको संयोजनबाट मानिसको जीवन सफल र सार्थक हुन्छ। सुख, शान्ति, समृद्धि मानिसभित्रै छ। हरेक मानिसमा रहने नवगुण विकसित गरे सुख, शान्ति, समृद्धि प्राप्त हुन्छ। ती नवगुण हुन्- सत्यता, स्वाध्याय, निरहंकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवा भाव, मधुर वाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा। मानिसका यिनै गुण नै भगवान् हुन्। यी नवगुणबाटै मानिसको क्षमता र प्रतिभा प्रस्फुटन हुन्छ। हरेक मानिसमा कुनै न कुनै प्रतिभा र क्षमता हुन्छ। आफ्नो क्षमता र प्रतिभा चिनेर आफ्नो स्टोरी लेखे जीवन सफल बन्छ। किनभने, जीवन फिल्मजस्तै हो। अध्यात्मले स्टोरी लेख्ने ज्ञान र अभिनय गर्ने कला सिकाउँछ।

धर्म भनेको कुनैपनि वस्तुले धारणा गर्ने मूल स्वभाव हो। तातो अग्निको धर्म हो। अमिलो कागतीको धर्म हो। सनातन हिन्दु धर्मले वेदलाई आचरणमा ल्याउनु मानवको धर्म हो भन्छ। वेदको अर्थ हो ज्ञान। चार वेद अठार पुराणका रचयिता महर्षि व्यासले सबै वेद-पुराणको सार 'परोपकार पुण्याय पापाय परपीडनम्' अर्थात् अरूको सेवा गर्नु दुःख नदिनु धर्म हो भन्छन्। भागवत् गीतामा श्रीकृष्णले अर्जुनलाई तिमी जुन कर्म गर्छौं, त्यही धर्म हो भनेका छन्। दया र करुणा नै धर्म हो भन्छन्, भगवान् बुद्ध। इसाई धर्मका प्रवर्तक यशुले प्रेम नै ईश्वर हो भन्दै सबै प्राणीप्रति प्रेम गर्नुलाई धर्म मानेका छन्। इस्लाम धर्मले जुवातास, मदिरा सेवन, घुसलगायतलाई हराम हो भन्दै ईश्वर र ईश्वरको सृष्टिलाई प्रेम गर्नु धर्म हो भन्छ। हिन्दु धर्मले सर्वधर्म समभाव, उदारता, परोपकार, सहअस्तित्व, सहिष्णुता र स्वीकार्यतामा जोड दिँदै प्रकृति र ब्रह्मा, स्त्री र पुरुषमा भिन्नता नगरी सबै एकै आत्मरूप मान्दछ। धैर्य, क्षमा, वासनामाथि नियन्त्रण, चोरी नगर्नु, आन्तरिक र बाहिरी पवित्रता इन्द्रियलाई वशमा राख्नु, बुद्धिमत्ताको प्रयोग, बढीभन्दा बढी ज्ञानको चाहना, मन, वचन र कर्मबाट सत्यको पालना र क्रोध नगर्नुलाई गीताले धर्मका दश लक्षण बताएको छ। सारा धर्मका ग्रन्थमा धर्मको मर्म एउटै छ। जीवनको अर्थ, उद्देश्य र मूल्यहरूको खोजीमा सघाउँदै मानवीय गुणहरूको विकास र परिपूर्णतातिर मानिसमा मानवता भरिदिन मार्गदर्शन गर्नु धर्मको उद्देश्य हो।

सनातन हिन्दु धर्म सृष्टिदेखि नै सुरु भएको सबैभन्दा जेठो हो। हिन्दु धर्मबाट फाटेर २५०० वर्षअघि बुद्ध धर्म, २००० वर्षअघि इसाई धर्म हुँदै कान्छो धर्मको रूपमा मुस्लिम धर्म जन्मिएको हो। यी धर्म पनि अनेक सम्प्रदायमा विभाजित भई धर्मको धेरै अर्थ लगाएका छन्। मानिसलाई खुसी राख्न हरेक धर्म सम्प्रदायका आ-आफ्ना चाडपर्व छन्। यसबाट खुसीसाथ जीवन जिउन मानिसले धर्मको रचना गरेको प्रस्ट बुझ्न सकिन्छ।

राज र नीति दुई शब्द मिलेर बनेको शब्द हो राजनीति। राजको अर्थ शासन हुन्छ। जनतालाई सर्वसुलभ र सहज तरिकाले सेवा प्रदान गर्दै आर्थिक, सामाजिकलगायत क्षेत्रमा समृद्धि हासिल गर्न राज्यद्वारा गरिने समग्र क्रियाकलाप र पद्धतिलाई शासन भनिन्छ। नीति भनेको सही समय र स्थानमा उचित कार्य गर्ने कला हो। समुन्नत समाज निर्माणका लागि के गर्ने, के नगर्ने भन्ने खाका वा निर्देशिका हो नीति। समग्रतामा भन्नुपर्दा राज्यको शासन सञ्चालन गर्ने नीति र प्रणाली निर्धारण गरी जनताको मौलिक हक-अधिकारको उपभोग र रक्षाको सुनिश्चितता गर्दै जनताको कल्याण गर्नु राजनीति हो। राज्यलाई वैधता दिने मुख्य तत्त्व पनि हो राजनीति।

उपरोक्त कुराबाट अध्यात्म, धर्म र राजनीतिको एउटै उद्देश्य मानव कल्याण र यिनीबिच नङमासुको सम्बन्ध रहेको प्रस्ट छ। अध्यात्मको साधनाले शारीरिक, मानसिक नैतिक, भावनात्मक, बौद्धिक, आत्मिक र सामाजिक स्वास्थ्य तन्दुरुस्त राख्दै म, मेरो र मैले भन्ने अहंकार हटाई ज्ञानधारण गर्ने मानव धर्म र जनता, समाज र राष्ट्रको सेवामा समर्पित रहने राजनीतिक निष्ठाको रक्षा एवं प्रवर्द्धन गर्छ। धर्मले आध्यात्मिक बन्न र निष्ठाको राजनीतितर्फ डोऱ्याउँछ। राजनीतिले आध्यात्मिक र धार्मिक बन्ने बनाउने वातावरण सिर्जना गर्छ। अध्यात्म धर्म र राजनीतिको अन्तरसम्बन्ध प्रगाढ भएमा व्यक्ति, परिवार, समाज र राष्ट्रमा सुख, शान्ति र समृद्धि आउँछ।





हिउँमाथि देउडा नाच

पर्यटन



● गगन अयङ्डी

मंसिरको दोस्रो हप्तादेखि चैत महिनासम्म हिउँको घुम्टोमा सजिन्छ, पोरखेगढी। बाजुरा जिल्लाको प्रख्यात पर्यटकीयस्थलको रूपमा चिनिने पोरखेगढी अहिले पर्यटकीय गन्तव्य बन्दै गएको छ। सेतामय हिउँले पोरखेगढीको वातावरण निकै रमाइलो भएको छ। वरपरको रमाइलो दृश्य, सेतामय भएका हँसिला डाँडापाखा, सेतामय हिँउसँगै नाँचिरहेको प्रकृति निकै सुन्दर अनि रमणीय देखिएको छ। बाक्लो हिँउको घुम्टोमा पोरखेगढी निकै सुन्दर देखिने गरेको बडीमालिका नगरपालिका-७ का अध्यक्ष धर्मराज उपाध्याय बताउँछन्।

सिरसिर हावा, चिसो हावापानीले हिउँदको समय पोरखेगढीमा अत्यधिक जाडो हुने गर्छ। अत्यधिक चिसोका बाबजुद आन्तरिक तथा बाह्य पर्यटक पोरखेगढी पुग्ने गरेका छन्। मंसिर दोस्रो हप्तादेखि मौसममा बदली भएसँगै देशभर हिमपात हुन थालेपछि पोरखेगढीसँगै रहेको कालाजग्रा क्षेत्र बाक्लो हिउँले भरिन्छ। त्यसपछि प्राकृतिक रूपमा सुन्दर रहेको यो ठाउँको दृश्य निकै मनमोहक देखिन्छ। हिउँको घर बनाउन, हिउँमा चिप्लेटी खेल्न र रमाइलो गर्नका लागि आन्तरिक र बाह्य पर्यटक आउने गरेको वडा अध्यक्ष उपाध्यायले बताए।

पोरखेगढी समुद्री सतहबाट करिब ३२ सय मिटरमा रहेको छ। प्राकृतिक रूपले भरिपूर्ण पोरखेगढी, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना बोकेको ठाउँ हो। रारा, बडीमालिका, बुढीनन्दा मन्दिर जाने पर्यटक पोरखेगढीको दृश्यावलोकन गर्न आउने गरेका छन्। छिमेकी जिल्ला अछाम, दार्चुला, बझाङ, हुम्ला, मुगु, कालिकोट, जुम्ला, कैलाली, कञ्चनपुर, राजधानी काठमाडौंलगायत केही विदेशी पर्यटकसमेत यस ठाउँको अवलोकन गर्न आउने गरेको पाइन्छ।

पोरखेगढी र पोरखेगढीसँगै जोडिएको कालाजग्रा मन्दिरमा यस वर्ष मात्र आन्तरिक र बाह्य गरी पाँच हजारभन्दा धेरै पर्यटकले अवलोकन गरेका छन्। पर्यटकलाई आकर्षित गर्न बडिमालिका नगरपालि-७ ले पोरखेगढी आउने बाह्य पर्यटकका लागि उपहारस्वरूप २० देखि ५० हजारको खसी दिने गरेको वडाअध्यक्ष उपाध्यायले बताए। पोरखेगढीलाई सुदूरपश्चिम प्रदेशको खप्तड, बडिमालिका पर्यटकीय क्षेत्रपछिको दोस्रो पर्यटकीय

साप्ताहिक राशिफल

१२ माघ (शनिबार)
१८ माघ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सेयर कारोबारमा लगानी गर्दा पछि फाइदा हुने योग रहेको छ। आर्थिक र व्यावसायिक समस्या समाधान हुनेछन्। आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। साताको अन्त्यमा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। यात्रामा सावधानी पनि अपनाउनुपर्नेछ। परोपकार सामाजिक क्षेत्रका काममा अवगाल व्यहोर्नुपर्छ। कुनै नयाँ योजना कार्यान्वयन गर्न कठिनाइ हुनेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। मुद्दामामिलामा विजयीको योग रहेको छ। मित्रजनबाट साथ सहयोग मिल्नुका साथै नयाँ कार्यको थालनी हुनेछ। सप्ताहान्तमा नयाँ सवारीसाधन खरिद-बिक्रीबाट लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा पनि राम्रै प्रगति हुनेछ। रोकिएका काम बन्ने र नयाँ काम पाइने योग छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मनोरञ्जनात्मक क्रियाकलापमा खर्च बढ्नेछ। वैदेशिक यात्रामा गरिएको लगानीबाट हानि-नोक्सानीको योग रहेको छ। छरछिमेकमा केही असमझदारी बढ्न सक्छ भने सप्ताहान्तमा भाग्यले साथ दिनेछ। सहयोगी जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ। नयाँ मित्रताबाट भरपूर साथ मिल्नेछ। वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

राजनीतिक कार्यमा सफलता मिल्नेछ। महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ। साताको मध्यमा दबाब र तनाव बढेको महसुस हुनेछ। सोचेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। सप्ताहान्तमा कामको सन्दर्भमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुने योग छ। वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ। स्थानान्तरण र टाढाको यात्राको सम्भावना छ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ सवारीसाधन जोड्ने योग रहेको छ। प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ। सरकार र राज्यपक्षबाट लाभ प्राप्त हुनेछ। लगनशीलतले नाम, दाम र इनाम दिलाउन सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ। साताको अन्त्यमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्तिको योग रहेको छ। अनावश्यक यात्राबाट जोगिनु राम्रो हुनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

अरूलाई प्रभावित पारेर काम बन्नेछन्। व्यापार व्यवसायबाट विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। पारिवारिक भेटघाटको समय छ। प्रतिस्पर्धीसमेत सहयोगीका रूपमा देखापर्नेछन्। विभिन्न भौतिक साधन जुट्नेछन्। पशुव्यवसाय र कृषि पेसाबाट सन्तोषजनक लाभ हुनेछ। जागिरेका लागि उपयुक्त समय आएको छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

अनावश्यक झमेलाबाट बचेर काम गर्नुपर्ने छ। वैदेशिक सहयोग मिल्नुका साथै सफल यात्राको योग रहेकाले सोचेअनुसार फाइदा पुग्नेछ। बढुवा वा अतिरिक्त जिम्मेवारी मिल्ने योग रहेको छ। कुनै अप्रत्याशित काममा कसैलाई सहयोग गर्नुपर्ने देखिन्छ। सप्ताहान्तमा विद्यार्थीहरूका लागि सुखद समाचार आउला। शैक्षिक यात्राको प्रक्रिया अघि बढ्नेछ। सहयोगीहरूले साथ दिनेछन्।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। नयाँ कार्यको थालनी हुनेछ। तपाईंको निर्णय क्षमताको प्रशंसा हुनुका साथै प्रशंसकहरूले पनि साथ दिनेछन्। बिहीबारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधानीका उपाय अवलम्बन गर्नुपर्ला। महत्त्वपूर्ण सूचना चुहावट हुन सक्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। नयाँ सम्बन्धको प्रस्ताव राख्न सक्छ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

हर्ष, उमंग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। प्रेमको बन्धन कसिने वेला छ। पठनपाठनमा पनि राम्रै प्रगति हुनेछ। मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। लेनदेन र हिसाब-किताबमा सावधान नहुँदा बिचमा केही विवाद हुन सक्छ। सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ। व्यावसायिक काममा सामान्य फाइदा हुनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

शुभ समाचार सुन्न पाइएला। नयाँ कार्यको थालनी हुन सक्छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। आम्दानी पनि प्रशस्तै बढ्न सक्छ। सहयोगीहरूले सकेको सहयोग गर्नेछन्। सप्ताहान्तमा स्वास्थ्यमा मौसमी गडबडी देखापर्न सक्छ। सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ। विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ। राजनीतिक कार्यमा बाधा आउनेछ। नयाँ ज्ञान प्राप्त हुने योग छ। आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ। स्वादिष्ट भोजनको आनन्दसमेत पाइएला। साताको अन्त्यमा कामबाट फुर्सद मिल्नेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

धर्मकर्ममा रुचि बढ्ने योग छ। मिष्ठान्न भोजन प्राप्त हुनेछ। प्रशस्त धन आर्जन गर्ने अवसर पाउनु हुनेछ। उठ्नुपर्ने रकम हात लाग्ने योग छ। अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ। बिहीबारदेखि श्रम र व्यवसायबाट मनग्ये आम्दानी हुनेछ। तर, सप्ताहान्तमा पछिका लागि खर्च पनि गर्नुपर्ला। धार्मिक सामाजिक कामको दायित्व थपिन सक्छ।

पुस्तक चर्चा



● भुवन पौडेल

'नेपालय' प्रकाशन गृहले ल्याएको पुस्तक 'पृथ्वीनारायण शाह नायक, प्रतिनायक अनि नायकदेशीय'भित्र ११ उपशीर्षक छन्। महेशराज पन्तले लेखेको १२३ पृष्ठको संक्षिप्त पुस्तक उत्कृष्ट छ। पुस्तक पढिरहँदा हाम्रो इतिहास लेखनका बारेमा मतैक्यता नहुँदा बढ्ढो खिन्न लाग्छ। संयुक्तराज्य अमेरिका स्वतन्त्र हुनुभन्दा करिब ६ वर्षअगाडि नै आधुनिक नेपालको इतिहास सुरु हुन्छ। यसको एकीकरण तथा निर्माणको जग बसाल्ने वीरपुर्खा इतिहास पुरुषको गलत तवरले व्याख्या विश्लेषण भइदिनाले एक पुस्ताबाट अर्को पुस्तामा सही ज्ञानको हस्तान्तरण हुनसकेको छैन।

इतिहासप्रति गर्व गर्नुको सट्टा नेपालीको चिनारी दिलाउने वीरविरंगनाको अपमान गर्छौं। यसमा राज्य सञ्चालनको तकनिकिको पनि कमीकमजोरी छ। अमेरिकामा सरकारका महत्त्वपूर्ण निर्णयको एकप्रति द लाइब्रेरी अफ कंग्रेसमा, एकप्रति राष्ट्रपति कार्यालय र एकप्रति बहालवाला राष्ट्रपतिको निजी रेकर्डमा जान्छ।




क्षेत्रको रूपमा लिने गरिन्छ । प्राकृतिक सौन्दर्य र प्रचुर सम्भावना बोकेको यो क्षेत्र अहिले संरक्षण तथा प्रवर्द्धनको पर्खाइमा छ । शान्त डाँडाकाँडा, सिरसिर हावा, हिउँले भरिएको पोरखेगढी र पोरखेगढीसँगै जोडिएको कालाजग्राबाट सहजै चारै ठाउँको दृश्यावलोकन गर्न सकिन्छ । यहाँबाट पूर्वमा बभ्राङको साइपाल हिमाल, पश्चिममा सिन्तवा हिमाल, उत्तरमा बुढीनन्दा नगरपालिकाका कहालीलाग्दा भिरपाखा र दक्षिणमा बडिमालिका देख्न सकिन्छ ।

खुला जमिन होस् वा डाँडामा सेतो कार्पेट बिछ्याएजस्तो देखिन्छ । हिउँ खेल्न पुग्नेहरूलाई हिउँको बिछ्याउना बिछ्याएझैं लाग्ने यो क्षेत्र छोडेर फर्किन मन नलाग्ने पत्रकार महासंघ अछामका अध्यक्ष रमेश रावत बताउँछन् । बिहानीपखको बसाइमा कालाजग्रा, पोरखेगढी झनै रमणीय देखिन्छ । पर्यटकहरू अहिले पनि हिउँ छिचोल्दै त्यहाँ जाने गरेका छन् । हिउँमाथि आन्तरिक पर्यटक देउडा नै नाच्छन् । चिसोले गर्दा अहिले त्यहाँ जान केही अप्ठ्यारो नै पर्छ । तर, त्यहाँको प्राकृतिक सौन्दर्यले सबै अप्ठ्यारा भुलाइदिन्छन् ।

सेताम्य वरपरका डाँडापाखा, हाँसिरहेका हँसिला हिमालले कालाजग्रा, पोरखेगढीको सौन्दर्यलाई निकै बढवा दिएको छ । हिउँको पहाडमा रमाइरहेको कालाजग्रा, पोरखेगढीमा अहिले मानिस हिउँ खेल्न, त्यहाँवरपरको वातावरण नियाल्न, कालिका देवीको दर्शन गर्न मानिस त्यहाँ गइरहेका छन् । पोरखेगढीमा आउने पर्यटकले स्थानीयस्तरमा उत्पादन हुने अर्ग्यानिक खाना खानसमेत पाउँछन् ।

मंसिर, पुस र माघमा हिँउको घुम्टोमा सुसज्जित हुने

र वैशाख, जेठमा नौरंगी साडीमा सजिएजस्तै देखिने यो क्षेत्र पछिल्लो समय पर्यटन प्रवर्द्धनको पर्खाइमा छ । यहाँ जानका पदमार्ग निर्माण गरिएको छ । तैपनि, कालाजग्रा, पोरखे लेकमा आवतजावतमा निकै असहजता छ । सडकयात्रा कठिन छ । भौगोलिक रूपमा विकट रहेको बाजुरामा सरकारले ध्यान नदिँदा पोरखेगढीजस्ता पर्यटकीय स्थल ओझेलमा परेका छन् । यी क्षेत्रको पर्यटन प्रवर्द्धन हुने हो भने बाजुरा आर्थिक रूपमा समेत आत्मनिर्भर हुँदै जान सक्थ्यो ।



सहर झर्दा...

• **डा. जगमान गुरुङ,** संस्कृतिविद्

अहिले त पोखरा सहर भयो । महानगर बन्यो । त्यतिखेर सानो बजार थियो । पृथ्वीनारायण शाहको पालामा हटिया मात्रै रहेछ ।

गाउँमा ५ कक्षासम्म पढेपछि म पोखरा आएर पढेको हुँ । घरको एक्लो छोरो भएकाले बाबुआमाले मलाई एक वर्षपछि मात्र पठाउनुभयो ।

त्यतिखेर मंसिरमा जाँच हुन्थ्यो । २०१८ साल माघमा एउटै राशीमा आठवटा ग्रह बस्ने योग थियो, ती ग्रह आपसमा जुधे संसार ध्वस्त हुन्छ रे भन्ने हल्ला थियो । मानिसहरू त्राही-त्राही थिए । तर, त्यस्तो केही भएन । बजारतिर मानिसहरू चौतारामा पाल टाँगेर बस्थे । हामी पनि गाउँ आयौं । गाउँ आउँदा उकालो-ओरालो चढ्नुपर्ने, कहिले घर आउला भन्ने हुन्थ्यो । दुइटा जब्बर उकालो हिँड्नुपर्थ्यो । बाटोमा मानिसहरूले मोही खाऊ, पानी खाऊ भन्थे । कसैकसैले च्या खाएर जाऊ पनि भन्थे ।

पोखरा त्यतिवेला निकै शान्त थियो । हामी आउँदा पोखरामा होटेल भन्ने थिएन । वास बस्ने ठाउँलाई भट्टी भन्थ्यौं । भात पकाउने र खाने हाम्रै गाउँतिरको एकजना गुरुङसेनी महिलाको भट्टी पोखरामा थियो । गाउँका मानिस वास बस्न आउँदा चामल आफैं ल्याउने गर्थे । एक छाकको एक माना चामल दिएपछि ती महिलाले खाना आफैं पकाइदिन्थिन् । तिउनको प्रतिदिन एक रुपैयाँ खर्च तिर्ने गरेका थियौं ।

केही समयपछि हामी साथीहरू आफैं मिलेर एउटा घर भाडामा लिएर बस्न थाल्यौं । भात आफैं पकाउने, गाउँबाट भट्ट, सिन्की, घिउ ल्याउने, साग र दाउरा बजारमा किन्ने गरेका थियौं । पोखरा बजारमा बिजुली थिएन । मट्टीतेलको टुकी टिनको बाकसमाथि राख्यो अनि पढ्यो । त्यसरी पढियो । हाम्रा कोही साथी रुख चढ्न पनि सिपालु थिए । साथीहरूले पीपलका रुखबाट सुकेका हाँगा झारेर ल्याउँथे ।

महिनाको अन्त्यमा साग कसले किनेको, नुन कसले किनेको भनेर हिसाब गरिन्थ्यो । त्यहीअनुसार कुल खर्चअनुसार सबैले खर्च बाँडफाँड बराबर गर्ने गरेका थियौं ।

मैले सोल्डर्स बोर्ड हाइस्कुल पढैं । अहिले यसलाई अमरसिंह उच्च मावि भन्छन् । त्यतिवेला भारतीय सोल्डर्स बोर्डले स्कुल चलाएको थियो । यो स्कुलमा नियम निकै कडा थियो । कपाल पाल्न नपाइने, नङ छोटो हुनुपर्ने, दाँत माझे-नमाझेको देखाउन डिच्च हाँस्नुपर्ने, हाफ पाइन्टमा क्रिज हुनुपर्ने थियो । यही बोर्डले अस्पताल पनि चलाएको थियो । अहिलेको गण्डकी अस्पताल त्यसैको विकसित रूप हो ।

२०२२ मा मैले एसएलसी दिएँ । त्यसपछि साथीहरूसँगको मेस पनि टुट्यो । पृथ्वीनारायण कलेजमा मर्निङ क्लासमा भर्ना भइयो । बिहानै हावा चलेको हुन्थ्यो । कलेज गएर फर्कंदा बाँस काटेर ल्याउने चलन थियो । सबै कटेरा-कटेरीमा बसेर पढ्ने । हामी पढ्दै गर्दा बल्ल यहाँ पक्की भवन बन्न थाले ।

आइए पढ्दा बजारको संगत पनि बाक्लियो । धेरै कुरा बुझ्न् थालियो । औंसी, पूर्णे, एकादशी अष्टमीमा नेवारहरूको भजन हुन्थ्यो । भजन सकिएपछि कहिले मालपुवा त कहिले अन्य प्रसाद बाँड्थे । नेवारी संस्कृति र खानपान बुझ्न थालियो । शनिबारको दिन कपडा धुन सेती गण्डकी गइन्थ्यो ।

आइएको परीक्षा दिएपछि नतिजा आउन एक वर्ष कुर्नुपर्ने थियो । त्यही अवधिमा मैले गण्डकी हुलाक कार्यालयमा प्रशासनिक मुखियामा जागिरका लागि आवेदन दिएर पास भएँ । तलब एक सय थियो । मादीपूर्व र रुदी पश्चिमका ६ गाउँमा पर्ने पाँचवटा गाविसलाई २०३२ सालमा मात्रै लमजुङबाट अलग गरेर कास्कीमा गाभिएको हो । ०२३ सालमा जागिर

> मैले सोल्डर्स बोर्ड हाई स्कुल पढैं । अहिले यसलाई अमरसिंह उच्च मावि भन्छन् । त्यतिवेला भारतीय सोल्डर्स बोर्डले स्कुल चलाएको थियो । यो स्कुलमा नियम निकै कडा थियो । कपाल पाल्न नपाइने, नङ छोटो हुनुपर्ने, दाँत माझे-नमाझेको देखाउन डिच्च हाँस्नुपर्ने, हाफपाइन्टमा क्रिज हुनुपर्ने थियो ।

गर्दासम्म मेरो गाउँ लमजुङ जिल्लाअन्तर्गत थियो, फरक जिल्लामा काम गरेकाले ३५ रुपैयाँ भत्ता पनि पाउँथें ।

हुलाक कार्यालयमै काम गर्दा बिए भर्ना भएँ, पास गरैं । ०२८ सालमा विवाह पनि गरैं । ०३० मा पृथ्वीनारायण क्याम्पसमा हेड असिस्टेन्टमा आवेदन दिएँ । त्यो सुब्बा सरहको जागिर थियो । गणेशमान पालिखे क्याम्पस प्रमुख हुनुहुन्थ्यो, तलब ३२० रुपैयाँ थियो ।

त्यसपछि स्थायी सहायक प्रशासकमा जाँच दिएर पास भएँ । जागिर खाएँ । स्थायी सहायक प्रशासक भनेको शाखा अधिकृतसरह (तलब चार सय २०) रुपैयाँ थियो । त्यहाँ कायम-मुकायम उपप्रशासकको जिम्मेवारी पनि सम्हालिरहेको थिएँ । सेवा आयोगमा उपप्रशासकको जाँच दिएको फेल भइयो । त्यसपछि मेरो ठाउँमा अर्को साथी आउनुभयो ।

त्यतिखेर मानविकीको डिन कार्यालय पोखरामा थियो । यहाँका मानविकीका डिनले काठमाडौंको नेपाल एसियाली अनुसन्धान केन्द्रमा काजमा पठाउनुभयो । त्यहाँ उपप्रशासकमा पास भएको भए त्यतै हुन्थें । फेल भएको हुनाले काठमाडौं आइयो ।

पहिलोपटक काठमाडौं टेकेको ०३५ सालमा हो । काठमाडौं निकै सुन्दर थियो । डाँडाहरूले घेरिएको, हरियाली, ऐतिहासिक र सांस्कृतिक बिरासत बोकेको स्थल हो ।

सुरुमा ६ महिना काजमा आएको थिएँ । तर, यहाँका एकजना स्थायी सह-प्रशासक राजन सुवेदी नेपाल सरकारको शाखा अधिकृतका रूपमा सरुवा हुनुभयो । त्यसपछि सहायक प्रशासकको दरबन्दी खाली भयो । त्यसमा मलाई सरुवा गरियो ।

डोरबहादुर विष्टले नेपाल एसियाली अनुसन्धान केन्द्रमा विविध भाषा र संस्कृतिका मानिसलाई ल्याउने लक्ष्य राख्नुभएको थियो । एकपटक मलाई भन्नुभयो, 'तपाईंलाई धुरन्धर विद्वान् भनेर बोलाएको पनि होइन । नभई नहुने खाँचो परेर बोलाएको पनि होइन । गुरुङ एउटा पिछडिएको वर्ग हो । उन्नति प्रगतिका लागि बोलाएको हो । पढ्ने पनि एउटा अनुसन्धान नै हो, त्यहीकारण यहाँ बसेर पढ्दै गर्नुस् ।'

म बिहान जान्थें । हाजिर गर्थें । कुर्सी टेबुल केही थिएन । मेरो कुनै प्रशासनिक जिम्मेवारी थिएन । त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा संस्कृति विषयमा मास्टर्स गर्न थालें । अन्य साथीलाई यो चित्त बुझेको रहेनछ । उनीहरूको गुनासो सुनेपछि एकदिन सहायक निर्देशक प्रा.डा. सूर्यलाल अमात्यले भन्नुभयो, 'तपाईं कर्मचारी मान्छे, १० बजेदेखि ५ बजेसम्म कार्यालयमै बस्नुपर्छ ।' उहाँको कुरा पनि सही नै थियो ।

हप्तामा दुई दिन पढ्न छुट दिनुस् भनैं । मुद्रा शास्त्र, लिपि र पुरातत्त्व पढ्न जानैपर्ने थियो । यसका लागि स्वीकृति मागैं । अन्य विषय पढ्न नजाने भएँ । लगत्तै सूर्यलाल अमात्य पनि युनिसेफको सहायक निर्देशक बनेर जानुभयो । त्यसपछि मलाई पढ्न नजाऊ भन्ने मानिस भएन । निकै मिहिनेतका साथ मैले प्रथम श्रेणीमा एमए पास गरैं ।

काठमाडौंमा ३६-३७ सालसम्म पुस र माघमा हुस्सु लाग्थ्यो । कीर्तिपुरमा निकै चिसो थियो । आधा दिनसम्म हुस्सु लाग्थ्यो । साझा बसमा ठेलमठेल हुन्थ्यो । म पुल्चोक बस्थैं । त्रिपुरेश्वर आएर बस चढेर कीर्तिपुर जानुभन्दा मलाई सोझै हिँडेर जान सहज लाग्थ्यो । झन्डै ५० मिनेटजतिमा त्यहाँ पुग्थें । रिङरोडमा गाडी निकै कम थिए । प्रदूषण कम थियो । एमए पास गरेपछि मैले विश्वविद्यालयमा सहायक प्राध्यापकको जागिर सुरु गरैं ।

पुल्चोकमा जेठानको घरमा बस्ने भएकाले मैले भाडा तिर्नुपरेन । दाल, चामल, तेल र कहिलेकाहीं पैसा पनि घरबाटै आउँथ्यो । नत्र, सहायक प्राध्यापकको जागिरले मात्रै घर धान्न गाह्रो हुनेवाला थियो ।

सुरुमा मैले कहिले एक र कहिले दुई क्लास लिन्थें । हिन्दु सोसल अर्गनाइजेसन, आइकोनोग्राफी (प्रतीमा लक्षण) पढाएँ । हामीले पढ्दा रेगुलर विद्यार्थीले रिलिजन पढ्नुपर्ने थियो । प्राइभेट दिनेहरूले फिलोसोफी पढ्थे । पछि मैले पढाउने वेलामा फिलोसोफी पनि कोर्समा राखियो । फिलोसोफी पढाउनलाई अरू मानिस थिएन ।

अहिलेको काठमाडौं र त्यतिवेलाको काठमाडौंमा धेरै परिवर्तन भइसकेको छ । घरहरू बढे । यातायत बढे । प्रदूषण बढ्यो । पहिले सिमेन्टेड घर थोरै थिए । अहिलेजस्तो भड्किलो फेसन थिएन । रात्रिजीवन बढेको छ । रेस्टुरेन्ट बढे । पार्टी प्यालेस बढे । उहिले त विवाह हुँदा पार्टी प्यालेस भन्ने छँदै थिएन ।

प्रस्तुति : **अन्वेषण अधिकारी**

पृथ्वीनारायण शाहलाई बुझ्न पढ्नुपर्ने पुस्तक

ताकि भोलि राष्ट्रपति हेटे पनि रेकर्ड नहटोस् । पुस्तकालय-संग्रहालय बनाउने गज्जबको प्रणाली विकास भएकाले राष्ट्रपति हुँदा गरेका महत्त्वपूर्ण कायको फेहरिस्त आमसर्वसाधारणले पढ्न र हेर्न पाउँछन् । जसले गर्दा त्यहाँको इतिहास लेखनमा लिपिबद्ध गर्न सहज र अनुसन्धानकर्तामा कुनै द्विविधा हुँदैन ।



हाम्रोमा ऐतिहासिक निर्णय, कागजातलाई व्यवस्थित गर्ने कार्य त्यो समय त के अहिले पनि त्यति व्यवस्थित देखिँदैन । इतिहास लेखनमा आफ्नो सम्पूर्ण समय लगाउने विद्वत्वर्ग तथा लेखकहरूलाई समेत कठिनाई उत्पन्न छ ।

दुःखको कुरा कतिपय विदेशी आआफ्नै स्वार्थबमोजिम परिचालित थिए, तिनैले लेखेका विषयलाई सही हो भनी सनसनी मच्चाउने र आफूलाई इतिहासवेत्ता र बुझक्कड बनाउने लहड पनि छ ।

नेपाल दक्षिण एसियाकै सबभन्दा पुरानो राष्ट्र तथा संसारको सर्वशक्तिमान मुलुक संयुक्तराज्य अमेरिका स्वतन्त्र हुनुभन्दा पनि अगाडिदेखि आफ्नो स्वतन्त्र हैसियत आजसम्म बचाइरहेको मुलुक हो । यसको सूत्रपात गर्ने एकीकरणकर्ता पृथ्वीनारायण शाहलगायतको योगदानलाई कम आँक्नै मिल्दैन । आज हामीलाई नेपाली हौं भनी गर्व गर्ने चिनारी दिएर के पुर्खाले गल्ती गरेका हुन् ? आज उनीहरूको अवमूल्यन गर्ने काम भइरहेको छ । त्यो समयमा पनि अहिलेजस्तै भूराजनीतिक प्रतिस्पर्धा र एकदमै चुनौतीपूर्ण विश्व राजनीतिक परिदृश्य थियो । एकातिर भारतमा आफ्नो आधिपत्य विस्तार गरिरहेको इस्टइन्डिया कम्पनीका नामले अंग्रेज शासन त अर्कोतिर चिनियाँ बादशाहको अदृश्य संरक्षणमा रहेको तिब्बत । राजाले त्यतिखेर समग्र राज्य सञ्चालनका पात्रलाई सो अवस्थाको समग्र परिदृश्य, परिस्थिति र वस्तुस्थितिलाई नियालेर धेरै सुझबुझपूर्ण तवरले दिव्योपदेश दिएको कुरा लेखकले गहिरो अध्ययनले पुष्टि गरेका छन् जो सत्य हो ।

लेखकले उल्लेख गरेझैं जंगलमा तपस्या गर्ने ऋषिमुनिका त शत्रु हुन्छन् भने आफ्नो राज्य बढाएर हिँड्ने पृथ्वीनारायण शाहको शत्रु नहुने कुरै भएन । त्यही भएर पनि केही विदेशी र परिचालितबाट इतिहासलाई गलत किसिमले व्याख्या हुने गरेको छ यतिसम्मकि पृथ्वीनारायण शाह राजनीतिज्ञ होइनन्, साम्राज्यवादी वा विस्तारवादी विचारले अनुप्राणित लुटेरा हुन् भन्ने प्रचारसम्म गर्न भ्याएका छन् । तर, खण्डन कसले गर्ने आधिकारिक के हो भनेर कसले भन्ने ? समस्या यहाँनिर छ । नेपालमा राजतन्त्र बिदा भएर सर्वसाधारणको हातमा राज्यको बागडोर पुगेपछि पृथ्वीनारायण शाहको अपमान गर्दै ठाउँठाउँमा सालिक भत्काउने, इतिहासलाई चटक्कै बिर्सने र गलत व्याख्या गर्ने गरेका ताजा उदाहरण छन् ।

पृथ्वीनारायण शाहको समयको परिवेश विकास निर्माणभन्दा पनि राज्य विस्तारको समय थियो । विश्वभरि नै र उनले आफ्नो बलबुताले भ्याएसम्म गोरखा राज्यलाई विस्तार गरे ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



नाबालिकामाथि बलात्कार प्रयास आरोपमा एक पक्राउ

हेटौँडा/ नौ वर्षीय बालिकामाथि बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले हेटौँडा उपमहानगरपालिका- ९ प्रगतिटोलका एक ५५ वर्षीय पुरुषलाई पक्राउ गरेको छ। पीडित परिवारको जाहेरीका आधारमा प्रहरीले शुक्रबार उनलाई हिरासतमा लिए पनि नाम खुलाएको छैन। पक्राउ परेका पुरुष पिडित बालिकाका छिमेकी रहेको र उनले बालिकालाई ललाई-फकाई पटक-पटक बलात्कारको प्रयास गरेको बालिकाले बयानमा बताएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले बताए।

वरिष्ठ अधिवक्ता त्रिपाठीविरुद्ध अदालतको अवहेलना मुद्दा दायर

काठमाडौँ/ वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीविरुद्ध अदालतको अवहेलना मुद्दा दायर भएको छ। यस मुद्दामा आइतबारका लागि काठमाडौं जिल्ला अदालतले पेसी तोकेको छ।

'उहाँले सहकारी ठगीको मुद्दामा जाहेरवालाको तर्फबाट बहस गरेपछि न्यायाधीशले गर्नुभएको आदेशमाथि टिप्पणी गर्नुभएको रहेछ। त्यो अन्तर्वार्ता टिभीमा प्रसारण भएको छ,' जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले भने, 'उहाँले आदेशका विषयमा उठान गर्नुभएको विषयले अदालतको अवहेलना भएकाले कारबाहीको माग गर्दै निवेदन दर्ता भएको हो।'



सूचना अधिकारी श्रेष्ठका अनुसार उदयपुरको त्रियुगा नगरपालिका- १३ घर भई काठमाडौं महानगरपालिका- ३१ बस्ने दिलबहादुर राईले उक्त निवेदन दर्ता गराएका हुन्।

बिहीबार मात्र न्यायाधीश समाज नेपालले विज्ञप्ति जारी गर्दै त्रिपाठीको अभिव्यक्तिप्रति खेद जनाएको थियो। समाजका महासचिव टेकनारायण कुँवरले जारी गरेको विज्ञप्तिमा त्रिपाठीको भनाइले समग्र न्यायपालिकाप्रति अनास्था पैदा गरेको उल्लेख छ। 'वरिष्ठ अधिवक्ताको उक्त अभिव्यक्तिबाट प्रचलित न्यायिक पद्धति र समग्र न्यायपालिकाप्रति नै अनास्था पैदा हुन जाने हुँदा न्यायाधीश समाज नेपाल त्यस प्रकारका अवाञ्छित गतिविधिहरूप्रति खेद व्यक्त गर्दछ,' विज्ञप्तिमा छ।

थुनछेक बहसका क्रममा सहकारीपीडितका तर्फबाट बहस गरी निस्किएपछि वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि हातपात भएको थियो। उनले बाहिर अन्तर्वार्ता दिएकै वेला उनीमाथि आक्रमण भएको थियो। विशेष अदालत बार एसोसिएसन र काठमाडौं जिल्ला अदालत बारले समेत उनीमाथिको आक्रमणको भर्त्सना गरेको थियो। यस आक्रमणमा संलग्न रहेको भनी प्रहरीले केही व्यक्तिलाई पक्राउ गरी कारबाहीसमेत अगाडि बढाइसकेको छ।

रेल दुर्घटनामा मृत्यु भएका सात नेपालीको शव ल्याउने तयारी

काठमाडौं/ भारतको महाराष्ट्रस्थित जलगाउँमा बुधबार साँझ रेल दुर्घटनाका क्रममा मृत्यु भएका एक बालकसहित सातजना नेपालीको शव स्वदेश ल्याउने तयारी भइरहेको छ। परराष्ट्र मन्त्रालयका अनुसार यसका लागि दिल्लीस्थित नेपाली राजदूतावासले भारत सरकारका अधिकारीसँग समन्वय गरिरहेको छ।

बुधबार भएको उक्त रेल दुर्घटनामा सात नेपालीसहित १३ जना यात्रुको ज्यान गएको थियो। घटनामा घाइते भएका चार नेपालीको उपचार भइरहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ। घटनामा एकजना बाँके र बाँकी अछाम र कैलालीका नागरिकको मृत्यु भएको छ। परराष्ट्र मन्त्रालयले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार कैलालीका ४३ वर्षीया कमला भण्डारी र कैलालीकै ४० वर्षीय लक्षीराम पासीको मृत्यु भएको छ। अछाम मंगलसेनका ११ वर्षीय बालकसहित तीनजनाको मृत्यु भएको छ। दुर्घटनामा मंगलसेनका ११ वर्षीय हिमु नन्दुराम विश्वकर्मा, ४४ वर्षीय नन्दरम पद्म विश्वकर्मा, ४२ वर्षीय मैसारा कामी विश्वकर्मा र अछाम मकमलबजारकी ६० वर्षीय जोक्ला उर्फा कला कामीको मृत्यु भएको छ। दुर्घटनामा बाँके डडुवाका ३२ वर्षीय राधेश्याम राधको पनि मृत्यु भएको छ।

घटनामा चारजना नेपाली घाइते भएका छन्। घाइते अछाम मंगलसेनका ३८ वर्षीय ह्युजला सावन्त र आठ बर्षीय धर्मबहादुर सावन्त, दैलेख दुल्लुका मञ्जु परियार र दुल्लुकै १८ वर्षीय दीपक थापाको स्थानीय अस्पतालमा उपचार भइरहेको नेपाली राजदूतावासले जनाएको छ।

आलोचनापछि मधेश सरकारले फिर्ता लियो भाषा विधेयक

जनकपुरधाम/ चर्को आलोचना गरेपछि मधेश प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको प्रदेशको कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ फिर्ता लिएको छ। प्रदेश सभाको शुक्रबारको बैठकमा शिक्षान्त्री रानी शर्मा तिवारीले विधेयकमा त्रुटि रहेको स्विकार्दै विधेयक फिर्ता लिएकी हुन्।

मन्त्री शर्माले भनिन्, 'मैले विधेयक राम्रोसँग अध्ययन गर्न भ्याएकी थिइनँ, कानुनमन्त्रीज्यूले थारू भाषा समावेश गर्ने भन्नुभयो। तर, समावेश नगरिँदै प्रदेश सभा सचिवालयमा पठाइयो। कुनै भाषासँग कुनै प्रकारको असहमति छैन। अब सबैलाई मान्य हुने गरी विधेयक ल्याउँछौं।' मन्त्री शर्माले गत बुधबार सदनमा पेस गरेको विधेयकमा नेपालीका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई सरकारी कामकाजी भाषा बनाउने प्रस्ताव गरिएको थियो। तर, थारूसहित अन्य मातृभाषा समावेश नगरिएको भन्दै सडकदेखि सदनसम्म आलोचना हुनुका साथै बिहीबार सदन नै स्थगित भएको थियो।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी ललितपुर।

पुनः आशयपत्र माग सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/१०/१२)

यस प्रतिष्ठानबाट आ.ब. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका विषयहरूको आधारभूत सीप मुलक तालिम संचालन गर्न परामर्श सेवा खरिदका लागि मिति २०८१।०६।१५ गते प्रकाशित सूचना बमोजिम पेश भएका आशयपत्रहरू सूचीकृतका लागि छनोट हुन नसकेका कारण पुनः आशयपत्र पेश गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० (८) को प्रयोजनका लागि ईच्छुक तालिम प्रदायक (व्यक्ति, फर्म, कम्पनी) संस्थाहरुबाट मिति २०८१/१०/२८ गते दिउसो १२ बजे भित्र e-GP System मार्फत आशयपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशन गरिएको छ। सोको विस्तृत विवरण यस प्रतिष्ठानको आधिकारिक वेभसाइट www.vsdta.gov.np चाट हेर्न तथा download गर्न सकिनेछ।

तपसिल

१ हाउसकिपिङ २ वेटर/वेट्रेस ३ बेकर ४ हाउस पेन्टर

श्री सरस्वती माध्यमिक विद्यालय
गोदावरी-५, गेटा, कैलाली

क्याटलग/ब्रोसर खरिद विधिबाट सवारी साधन खरिद सम्बन्धि सूचना

प्रकाशित मिति : २०८१/१०/१२

यस विद्यालयका लागि १ थान ४०+१ सिटर स्कुल बस आवश्यक परेकोले नेपाल सरकार बाट आवश्यक कर छुट माग गरि करछुट पछी हुनजाने न्यूनतम मुल्यमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ ख बमोजिम क्याटलग सपिंग विधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुदा इजाजत प्राप्त उत्पादक वा अधिकृत विक्रेताले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नविकरण भएको इजाजत पत्र आयकर र मुल्य अभिबृद्धि करदाता दर्ता प्रमाण पत्र र गत आ.व मा करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू समेत राखी उत्पादक बसको आधिकारिक स्पेशिफिकेशन गुणस्तर मुल्य तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हरू समावेश गरी सिलबन्दी प्रस्ताव (निवेदन) सहित मिति २०८१/१०/२४ गते सम्म विद्यालय समयभित्र विद्यालययमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी तथा म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारबाही हुनेछैन। प्राप्त प्रस्तावहरू स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विद्यालयमा निहित हुने रहने छ। यस सम्बन्धि विस्तृत जानकारी विद्यालयबाट लिन सकिने छ।

Contract No	Type of Vehicle	General Specification	Quantity
2081/2082/01	Right Hand Driver Layout model bus 40 + 01 capacity	Maximum rated power output no less 105 hp@optimum rpm Manufacturing fitted ABS	1 Unit

प्रधानाध्यापक

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना


(प्रकाशित मिति : २०८१/१०/१२)

यस कार्यालयको मिति २०८१/०९/०४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 10/081/82	Construction of Vegetables Processing Centre in Neelakantha	Dhakal Construction, Dhading	1,22,98,182.09

प्रमुख प्रशासकीय अधिकृत



अलबिदा !

स्व. सिंह कुमार श्रेष्ठ

जन्म : १९९२ माघ १४ (सिलगढी, डोटी)
स्वर्गारोहण : २०८१ पौष २९ (ललितपुर)

हाम्रा श्रध्देय पति, बुवा, बाबा सिंह कुमार श्रेष्ठको महाप्रस्थानले हामीलाई मर्माहत बनाएको छ। आज १३ औं दिनको पुण्यतिथिमा उहाँको चिरशान्तिको कामना गर्दछौं। साथै यस शोकको घडीमा हामीलाई समवेदना व्यक्त गर्नुहुने समस्त महानुभावमा हार्दिक आभार व्यक्त गर्दछौ।

श्रीमती सुनिता श्रेष्ठ

छोरा/ बुहारीहरु

प्रदीपकुमार श्रेष्ठ/ प्रभा श्रेष्ठ
रोशनकुमार श्रेष्ठ/ रश्मी श्रेष्ठ
सोहन श्रेष्ठ/ स्थिती श्रेष्ठ

छोरी

शीला श्रेष्ठ

नाति/ नातिनीहरु

शिबम् श्रेष्ठ
शान्तनु श्रेष्ठ, सुफी श्रेष्ठ

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १२ माघ ०८१

उखु : पैसाको बोट



सिराहाको नरहा गाउँपालिका- ३ का किसान बारीमा उखु काट्दै ।



इन्दुशंकर चिनी मिलअगाडि उखु क्रसिङका लागि लाइनमा राखिएका ट्याक्टर । तस्बिर : **श्रवण थापा**/नयाँ पत्रिका

सिराहामा **मणिलाल विश्वकर्मा**
महोत्तरीमा **रञ्जन भण्डारी** र
कञ्चनपुरमा **मोहन विष्ट**

एकै सिजनमा करोडसम्म आम्दानी

कञ्चनपुरको बेलडाँडी- ४, वैवाहका दिलप्रसाद शर्माले उखुखेतीलाई स्वरोजागरकै रूपमा अगाडि बढाएका छन् । कञ्चनपुर र बर्दियामा उखु लगाएकाले उनले एकै सिजनमा एक करोड रुपैयाँसम्मको उखु बिक्री गर्ने गरेको बताए । 'मेरो परिवारले २० वर्षदेखि उखुखेती गर्दै आएको थियो, उतिबेला गाउँमा गुर उत्पादन गर्ने कोलु मात्रै थिए, अहिले जिल्लामा दुई ठुला चिनी उद्योग सञ्चालनमा आएका छन्,' उनले भने, 'विदेश जानुभन्दा अरूको जमिन पनि भाडामा लिएर उखुखेती गर्छु, अन्य किसानको उखु पनि मिलसम्मै ओसार्ने काम गर्छु । एक सिजनमा करिब एक करोडको कारोबार गर्ने गरेको छु ।' बेलौरी नगरपालिका- १०, सडकघाटका उखु किसान चक्रबहादुर कडायतले ३२ बिघामा उखु लगाएका छन् । '२२ वर्षदेखि उखुखेती गर्दै आएको छु, 'उनले भने, 'पहिले भारत लगेर बेच्नुपर्ने बाध्यता थियो, अहिले जिल्लामै दुईवटा चिनी उद्योग सञ्चालन भएपछि सहज भएको छ ।' कठायतले वार्षिक ५० देखि ६० लाखको उखु बेच्दै आएको बताए ।

लालझाडी गाउँपालिका- ३, नन्दगाउँका उखु किसान बहाली रानाले जिल्लाका दुई चिनी उद्योग स्थापना भएसँगै ढुक्कले उखुखेती गर्न पाएको बताए । 'मैले ०६२ सालदेखि नियमित उखुखेती गर्दै आएको छु, उतिबेला चिनी उद्योग थिएनन्,' उनले भने, 'अहिले चिनी उद्योग सञ्चालनमा आएपछि उखुखेती विस्तार गरेको छु ।' विगतमा १० कट्ठामा उखुखेती गर्दै आएका रानाले अहिले तीन बिघा खेती विस्तार गरेका छन् । उनले उखुबाट वार्षिक आठदेखि १२ लाखसम्म आम्दानी गर्दै आएको बताए । पुनर्वास नगरपालिका- ९ का निवर्तमान वडाध्यक्षसमेत रहेका नारायणप्रसाद जैसीले किसानको आर्थिक समृद्धिको आधार उखु भएको बताए । उनले अढाई दशकदेखि उखुखेती गर्दै आएको जानकारी दिए । उनले अन्य किसानको जमिन भाडामा लिएरसमेत उखु लगाउँदै आएको बताए ।

उखु उत्पादन हकहित किसान समितिका कोषाध्यक्ष चेतनकुमार राईले जिल्लामा दुईवटा उद्योग स्थापना भएपछि उखु किसानको संख्या वृद्धि भएको बताए । 'किसानहरू पहिला गाउँकै कोलु उद्योग र भारतमा उखु बेच्दै आएका थिए, उतिबेला निकै समस्यामा परे पनि अहिले गाउँकै ठुला चिनी उद्योग सञ्चालनमा आएसँगै किसानलाई सहज भएको छ,' उनले भने ।



सबैभन्दा धेरै उखु उत्पादन हुने सर्लाही जिल्लाका किसान भने विगतको जस्तो बक्यौता समस्या बल्झने हो कि भन्ने चिन्तामा छन् । सर्लाहीमा इन्दुशंकर, महालक्ष्मी र अन्नपूर्ण तीन ठुला चिनी मिल सञ्चालनमा छन् । यसमध्ये इन्दुशंकरमा सबैभन्दा धेरै उखु बिक्री भइरहेको छ । विगतमा भुक्तानीका लागि पाएको दुःख अहिलेसम्म पनि भुल्न नसकेको रामनगर गाउँपालिका- ४ का अजयकुमार पाण्डेले गुनासो गरे । 'आफूले दुःखले उत्पादन गरेको फसलको पैसा उद्योगले समयमै दिनुको सट्टा दुःख दिएको थियो । त्यतिखेर पैसा नपाउँदा वर्षभरि परिवार पाल्ने मेसोसमेत बिग्रियो,' उनले भने, 'यो वर्ष चाहिँ भुक्तानी दिइरहेको छ । तर, पनि किसान दुक्क हुन सकिरहेको अवस्था छैन ।'

सिराहाका उखु किसानले यो वर्ष चिनी मिलबाट साताभित्रै भुक्तानी पाइरहे पनि खेती गर्न मल, बिउ नपाएको गुनासो गरेका छन् ।

गोलबजार नगरपालिका- १०, डन्डा गाउँका ३५ वर्षीय सुरेशकुमार सिंहले १२ कट्ठा खेतमा उखु रोप्न सरकारी अनुदानमा दुई हजार तीन सय रुपैयाँमा पाइने ५० किलो डिएपी दोब्बर मूल्यमा किन्न बाध्य हुनुपऱ्यो । 'कात्तिकको दोस्रो हप्ता रोप्ने वेलामै पाँच किलो कट्ठाका दरले डिएपी चाहियो,' उनले भने, 'स्थानीय कृषि सहकारीले सरकारी अनुदानको मल छैन भनेपछि बाध्य भएर चार हजार रुपैयाँ तिरेर ल्याएँ ।'

नियमित भुक्तानी दिँदै चिनी उद्योग

सर्लाहीमा रहेका तीनवटै चिनी मिल यतिबेला व्यस्त छन् । किसानलाई समयमै भुक्तानी नदिएका कारण करिब तीन वर्ष बन्द रहेको धनकौल गाउँपालिकास्थित अन्नपूर्ण चिनी मिलले नयाँ व्यवस्थापन ल्याएर ६ मंसिरदेखि उखु क्रसिङ थालेको छ । हरिवनस्थित इन्दुशंकरले २६ मंसिर र बगदहमा रहेको महालक्ष्मी सुगर मिलले १२ मंसिरबाट धमाधम उखु क्रसिङ गरिरहेका छन् ।

अन्नपूर्ण चिनी मिलले कार्यतालिका नै बनाएर १० देखि १५ दिनभित्र उखुको भुक्तानी गरिरहेको सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए । 'मंसिर मसान्तसम्म उखु खरिद गरेबापत १५ करोड रुपैयाँ किसानको खातामा पठाएका छौं,' गुप्ताले भने ।

देशकै सबैभन्दा ठुलो चिनी मिलमध्येको इन्दुशंकर चिनी उद्योगले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको महाप्रबन्धक योगनारायण रजकले जानकारी दिए । 'हामीले किसानको भुक्तानी नियमित गरिरहेका छौं,' उनले भने । विगतमा भुक्तानी समस्या बर्सेनि दोहोरिँदा किसान अन्य खेतीमा लागेकाले अहिले उखु उत्पादन घटेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

महालक्ष्मी चिनी उद्योगले पुस अन्तिम सातासम्म पाँच लाख दुई हजार क्विन्टल उखु क्रसिङ गरिसकेको प्रशासकीय अधिकृत शिवशंकर महतोले जानकारी दिए । यो वर्ष २० लाख क्विन्टल उखु क्रसिङको लक्ष्य लिएको उनले बताए ।

महोत्तरीको रामनगरमा रहेको देशकै सबैभन्दा ठुलो एभरेस्ट चिनी मिलले यो वर्ष ३५ लाख टन उखु क्रसिङको लक्ष्य राखेको प्रशासन शाखा प्रबन्धक सुरेन्द्रप्रसाद शुक्लाले जानकारी दिए । 'दैनिक ४० हजार क्विन्टल उखु पेल्ने क्षमता छ । तर, पर्याप्त उखुको अभावमा सिजनभर ३५ लाख क्विन्टल मात्र क्रसिङको लक्ष्य छ,' उनले भने । महोत्तरीका मात्र करिब १४ हजार उखु कृषक यो उद्योगसँग आश्रित छन् ।

सिराहाको हिमालय सुगर मध्य पुससम्म १४ लाख ७५ हजार क्विन्टल उखु क्रसिङ गरिसकेको र सरकारले तोकेको दरमा किसानको भुक्तानी नियमित गरिरहेका महाप्रबन्धक अवधकिशोर यादवले जानकारी दिए ।

१७ मंसिरदेखि सञ्चालनमा आएको कञ्चनपुरको महाकाली सुगर मिलले दैनिक २५ हजार क्विन्टलसम्म उखु क्रसिङ गरिरहेको प्रशासन प्रमुख कालुसिंह ठगुन्नाले बताए । किसानको पैसा नियमित दिइरहेको उनले जानकारी दिए । कञ्चनपुरमै रहेको भागेश्वर सुगरमिल एन्ड केमिकल्प इन्डस्ट्रिज पनि २० मंसिरदेखि सञ्चालनमा आएर नियमित उखु क्रसिङ गरिरहेको प्रशासन प्रमुख डम्बर खड्काले जानकारी दिए । दैनिक २५ हजार क्विन्टलका दरले क्रसिङ गरिरहेका छौं । यो सिजन २५ लाख उखु क्रसिङ गर्ने लक्ष्य छ,' उनले भने, 'उखु किसानलाई नियमित भुक्तानी दिइरहेकाले कैलालीका किसानसमेत उखु बेच्न आइरहेका छन् ।'

बिमा प्राधिकरणको अध्यक्ष बन्न १२ जनाको आवेदन

काठमाडौं/ नेपाल बिमा प्राधिकरणको अध्यक्ष बन्न १२ जनाले आवेदन दिएका छन् । आवेदन दिनेमा कमलप्रसाद रेग्मी, डा. देवराज रोका, शरद ओझा, चिरञ्जीवी चापागाईं, विष्णुबाबु मिश्र, बुद्धकाजी श्रेष्ठ, दामोदर बसैला, डिमप्रसाद पौडेल, रामशरण पुडासैनी, विक्रान्त पाण्डे, रमण नेपाल र विनोदकाजी श्रेष्ठ छन् । बिमा ऐनअनुसार बिमा प्राधिकरणको अध्यक्ष पद रिक्त हुनु एक महिनाअगावै नयाँ नियुक्ति गर्नुपर्ने प्रावधान छ । गत ९ पुसको मन्त्रिपरिषद् बैठकले प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन गरेको थियो । प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि मन्त्रिपरिषद्मा नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीको संयोजकत्वमा मन्त्रालयका अर्थ सचिव र बिमा क्षेत्रसँग सम्बन्धित विशेषज्ञ सदस्य रहेको समितिले आवेदन खुलाएको थियो ।

कार्टेलिङ गरेर सिमेन्टको मूल्यवृद्धि नगरेको उद्योगीको तर्क

नयाँ पत्रिका

सरकार, सांसद र उपभोक्ताले आरोप लगाएजस्तो कार्टेलिङ गरेर सिमेन्टको भाउ वृद्धि नभएको उद्योगीले प्रस्टीकरण दिएका छन् । बढ्दो लागत र घट्दो व्यापारको असर बिक्री मूल्यमा परेको उद्योगीको तर्क छ ।

अस्वाभाविक रूपमा सिमेन्टको भाउ बढ्न थालेपछि निर्माण व्यवसायी महासंघले सरकार र संसद् गुहारेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्योगीलाई डाकेर मूल्य घटाउन निर्देशन दिएको थियो भने संसद्को सार्वजनिक लेखा समितिले पनि बुधबार छलफल गर्दै उद्योगीले कार्टेलिङ गरेर मूल्य बढाएकाले नियन्त्रण गर्नुपर्ने सुझाव दिएको थियो । सरकार र संसद्को खबरदारीपछि उद्योगीले शुक्रबार पत्रकार सम्मेलन गर्दै साउनमा तोकिएको भाउमा प्रतिबोरा अधिकतम एक सय १५ रुपैयाँ जोडेर बिक्री मूल्य निर्धारण गर्न सहमत भएको जानकारी दिएका छन् । शनिबारदेखि नै नयाँ भाउ निर्धारण हुने र बजारभाउ घट्ने उद्योगीको दाबी छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग छलफल गरेपछि सो मूल्य सीमा कायम राखिएको सिमेन्ट उत्पादक संघले जानकारी दिएको छ । 'हामीले सिमेन्टको मूल्यवृद्धि गरेका होइनौं । यसलाई मूल्य समायोजन गरेको भन्नुपर्छ । हामीले लागतअनुसार न्यूनतम दरमा मूल्य समायोजन मात्रै गरेका हौं,' संघ अध्यक्ष रघुनन्दन मारूले भने । निर्माणको सिजन सुरु हुने भएपछि माग र आपूर्तिको सिद्धान्तअनुसार लागत स्वतः बढ्ने भएकाले मूल्य समायोजन गरिएको अध्यक्ष मारूको भनाइ छ ।

सगरमाथा चढ्न अब विदेशीलाई १५ हजार डलर, नेपालीलाई १ लाख ५० हजार रुपैयाँ

नवीन अर्याल/नयाँ पत्रिका

पर्वतारोहणसम्बन्धी नियमावली संशोधन गरेर आगामी सिजनदेखि हिमाल चढ्दा लाग्ने शुल्क वृद्धि गरिएको छ । मन्त्रिपरिषद्ले स्वीकृत गरेको संशोधित नियमावली आगामी ३१ भदौदेखि लागू हुने पर्यटन विभागले जनाएको छ । सरकारले आरोहणका लागि खुला गरिएका चार सय ६१ हिमालको रोयल्टी रकम बढाएको हो ।

● **निमा नुरु शेर्पा**
अध्यक्ष, नेपाल पर्वतारोहण संघ



पर्वतारोहणको रोयल्टी दशकपछि बढेको हो । पर्यटन विभागले सबै सरोकारवाला पक्षसँग छलफल गरेरै नियमावली संशोधन गरेको हो । छलफलमा पर्यटनसम्बद्ध सबै संघ-संस्थाका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो । सबैको सुझावमै नियमावली संशोधन भएको हो । रोयल्टी रकम कम नै थियो । अब ढिलो भए पनि रोयल्टी बढेको छ, यो ठिक छ ।

सर्वोच्च शिखर सगरमाथा चढ्ने विदेशीले १५ हजार अमेरिकी डलर र नेपालीले डेढ लाख रुपैयाँ रोयल्टी बुझाउनुपर्ने भएको छ । यसअघि विदेशीले ११ हजार अमेरिकी डलर र नेपालीले ७५ हजार रुपैयाँ तिर्नुपर्ने व्यवस्था थियो । यो रोयल्टी वसन्त ऋतुका लागि तय गरिएको दर हो । सगरमाथा चढ्नका लागि वसन्त ऋतु सबैभन्दा उत्तम मानिन्छ ।

शरद् ऋतुमा सगरमाथा चढ्नेले तिर्नुपर्ने रोयल्टी विदेशीको हकमा ५५ सयबाट बढाएर ७५ सय डलर र नेपालीका लागि साढे ३७ हजार रुपैयाँबाट बढाएर ७५ हजार रुपैयाँ कायम गरिएको छ ।

शिशिर र वर्षा ऋतुमा सगरमाथा आरोहण गर्न विदेशीलाई साढे ३७ सय डलर र नेपालीलाई साढे ३७ हजार रुपैयाँ तोकिएको छ । यसअघि विदेशीले साढे २७ सय डलर र नेपालीले १८ हजार दुई सय ५० रुपैयाँ रोयल्टी बुझाउनुपर्थ्यो । दक्षिण-पूर्वी धारबाहेक अरू रुटको आरोहण रोयल्टी सबै सिजनमा पुरानै यथावत् राखिएको छ । ६५ सय मिटरभन्दा कम उचाइका हिमाल सयौंको संख्यामा रहेका छन् । यो उचाइका पिकहरू चुलु इस्ट, चुलु वेस्ट, हिउ चुली, कुसुम कंगरु, लोबुचे इस्ट, मेरा पिकलगायत हुन् । यो श्रेणीको हिमाल चढ्न वसन्तमा ३५० डलर, शरद्मा १७५ डलर र शिशिर तथा वर्षामा १७५ डलर दस्तुर कायम गरिएको छ ।

आठ हजार मिटरभन्दा अग्ला हिमालको दस्तुर ३ हजार डलरसम्म

ऋतु	पहिले	अहिले
वसन्त	१८ सय डलर	३ हजार डलर
शरद्	९ सय डलर	१५ हजार डलर
शिशिर/वर्षा	४५० डलर	७५० डलर

७,००१-७,५०० मिटरसम्म उचाइका हिमालको दस्तुर ८ सय डलरसम्म

ऋतु	पहिले	अहिले
वसन्त	५ सय डलर	८ सय डलर
शरद्	२५० डलर	४ सय डलर
शिशिर/वर्षा	१२५ डलर	२०० डलर

७,५०१-८,००० मिटरसम्म उचाइका हिमालको दस्तुर १ हजार डलरसम्म

ऋतु	पहिले	अहिले
वसन्त	६ सय डलर	१ हजार डलर
शरद्	३ सय डलर	५ सय डलर
शिशिर/वर्षा	१५० डलर	२५० डलर

६,५०१-७०० मिटरसम्म उचाइका हिमालको दस्तुर ५ सय डलरसम्म

ऋतु	पहिले	अहिले
वसन्त	४ सय डलर	५ सय डलर
शरद्	२०० डलर	२५० डलर
शिशिर/वर्षा	१०० डलर	२०० डलर

■ **मनास्लु ८,१६३ मिटर** : मनास्लु हिमालको आरोहण शुल्क वसन्त ऋतुका लागि घटेको छ भने शरद्, शिशिर र वर्षा ऋतुको शुल्क बढाइएको छ । वसन्त ऋतुका लागि १८ सय डलर रहेको रोयल्टी अहिले १५ सय डलर पुऱ्याइएको छ । त्यस्तै शरद्मा ९ सय, शिशिर र वर्षामा समान ४ सय ५० रहेकोमा बढाएर क्रमशः ३ हजार र १५ सय डलर पुऱ्याइएको छ ।

■ **आमादब्लम ६,८१२ मिटर** : खुम्बु क्षेत्रमा रहेको आमादब्लम हिमाल विश्वकै प्रसिद्ध र सुन्दर मानिन्छ । पर्वतारोहीका लागि सबैभन्दा लोकप्रिय हिमाल रहँदै आएको छ । यो हिमालको आधार शिविरतर्फ जाने पदयात्रा सगरमाथा क्षेत्रको प्राकृतिक सौन्दर्य हेर्न पाइने हुनाले निकै रोमाञ्चक हुन्छ । आमादब्लम आरोहणका लागि वसन्त र शरद् ऋतु उपयुक्त मानिन्छ । पहिले दुवै सिजनका लागि ४-४ सय डलर रहेको दस्तुर बढाएर १ हजार डलर पुऱ्याइएको छ ।

■ विदेशीको तुलनामा नेपालीलाई हिमाल चढ्न कम शुल्क

७,५०१ मिटरदेखि ८,००० मिटरसम्म उचाइ भएका हिमाल चढ्न ४० हजारसम्म, ७,००१ मिटरदेखि ७,५०० मिटरसम्म उचाइ भएका हिमाल चढ्न ३० हजारसम्म, ६,५०१ मिटरदेखि ७,००० मिटरसम्म उचाइ भएका हिमाल चढ्न २५ हजारसम्म, आमादब्लम हिमाल चढ्न ४० हजारसम्म र ६,५०० मिटर वा सोभन्दा कम उचाइ भएका हिमाल चढ्न २० हजारसम्म शुल्क तोकिएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

क. निकायको स्वरुप र प्रकृति :
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी सञ्चालित "क" वर्गको बैंक ।

ख. निकायको काम, कर्तव्य र अधिकार :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :
हाल कार्यरत कर्मचारी संख्या १,५७६ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाइट www.machbank.com मा हेर्न सकिन्छ ।

घ. निकायबाट प्रदान गरिने सेवा :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

ङ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट www.machbank.com मा उपलब्ध छ ।

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट www.machbank.com मा प्रकाशित गरिएको छ ।

छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रिय स्तरमा श्री सुभाष जमरकटेललाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने गरी व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री सुभाष जमरकटेल
नायब महाप्रबन्धक
माछापुच्छे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाडौं
पोष्ट बक्स नं. १२४२७ । फोन नं. ०१-४५२८५५६ (Ext. No. 107)

झ. सम्पादन गरेको कामको विवरण :
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ ।
श्री सुनिल खतिवडा
प्रमुख संचालन अधिकृत
माछापुच्छे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौं
पोष्ट बक्स नं. १२४२७ । फोन नं. ०१-४५२८५५६
साथै, यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. मुलुकी देवानी संहिता, २०७४
१०. विनियम अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी गरीएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु

ठ. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि वैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाइट www.machbank.com मा समेत त्यस्तो विवरण राखिएको छ ।

ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
श्री सन्तोष कोइराला
प्रमुख कार्यकारी अधिकृत
माछापुच्छे बैंक लिमिटेड
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौं
पोष्ट बक्स नं. १२४२७ । फोन नं. ०१-४५२८५५६
साथै, सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।
क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण: यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।
ख. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण : www.machbank.com
ग. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण : वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भै बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु वैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा समेत प्रकाशित गरिँदै आएको छ ।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ०१-४५२८५५६

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १२ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

यू–१९ विश्वकपमा कप्तान पूजाको प्रभाव

आइसिसीमा प्रभावशाली प्रदर्शन गर्ने शीर्ष १० खेलाडीमा रहेकी नेपालकी कप्तान पूजा महतोले समग्र विश्वकपमा नौ विकेट, ७० रन र पाँच क्याच लिइन्



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालले आइसिसी यू-१९ महिला विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत प्ले अफ खेलमा आयोजक मलेसियालाई सात विकेटले हराउँदै यात्रा टुंग्याएको छ । विश्वकपमा पाकिस्तान १३ र नेपाल १४औँ स्थानमा रहेका छन् । मलेसियामा चलिरहेको विश्वकपमा नेपाल समूह 'डी'मा चौथो स्थानमा रहँदा सुपर ६ मा पुग्न नसकेको हो । त्यसपछि १३-१६ स्थानका लागि भएको खेलमा नेपालले शुक्रबार मलेसियामाथि जित निकाल्दै आफ्नो यात्रा सुखद बनाएको हो ।

गत कात्तिकमा एसियन छनोटमा युएईलाई हराउँदै पहिलोपटक विश्वकपमा स्थान बनाएको नेपाल सुपर सिक्समा पुग्ने अनुमान गरिएको थियो । तर, आफूबराबरकै प्रतिद्वन्द्वी स्कटल्यान्डसँग एक विकेटले पराजित हुँदा नेपाल समूह चरणबाटै बाहिरिन पुग्यो । यद्यपि, नेपालले बलिङमा अस्ट्रेलिया र बंगलादेशलाई कडा चुनौती नदिएको होइन । पहिलो सहभागितामा नेपाली खेलाडीको कमजोर पक्ष ब्याटिङ देखियो । समूह चरणका तीन खेलमा स्तरीय ब्याटिङ गर्न नसक्दा नेपालले पहिलो ब्याटिङ र लक्ष्य पछ्याउँदाको इनिङ्समा सय रन पनि कटाउन सकेन ।

साथसाथै खेलाडीबिचको रनिङ विट विन द विकेट पनि असाध्यै कमजोर देखिएको थियो । बंगलादेशविरुद्धको खेलमा नेपालका आधाजसो खेलाडी रनआउट नै भए । तर, बलिङमा भने नेपाल उत्कृष्ट रह्यो । कप्तान पूजा महतो ब्याटिङ र बलिङमा अब्बल देखिइन् । प्रत्येक खेलमा नेपाल उनीमाथि नै निर्भर देखिन्थ्यो । चाहे त्यो ब्याटिङ वा बलिङ नै किन नहोस्, पूजाको प्रदर्शनमै नेपाल अड्कियो । यसै असाधारण प्रदर्शनका कारण पूजा आइसिसी विश्वकपको बलिङ र ब्याटिङ वरीयतामा स्थान बनाउन सफल भएकी छिन् । अझ बलिङमा उनी शीर्ष स्थानमै छिन् । आइसिसीले प्रतियोगिताअघि विश्वकपमा चम्कन सक्ने खेलाडीको सूचीमा पूजालाई समावेश गरेको थियो ।

सर्वाधिक विकेट लिने बलर

प्रतियोगितामा नेपालको बलियो पक्ष बलिङ रह्यो । यसको नेतृत्व कप्तान पूजाले गरिन् । मलेसियामा नेपालको यात्रा समाप्त भए पनि पूजा अहिलेसम्म सर्वाधिक विकेट लिने सूचीको शीर्ष स्थानमा छिन् । उनले चार खेलमा नौ विकेट लिएकी छिन् । दोस्रो स्थानमा श्रीलंकन खेलाडी र तेस्रो स्थानमा स्कटल्यान्डकी मासेरा छन् । दुवैले समान ६ विकेट हात पारेका छन् । पूजाले चार इनिङ्समा १४.३ ओभर बलिङ गर्दै नौ विकेट हात पारेकी हुन् । उनको उत्कृष्ट प्रदर्शन नौ रन खर्चेर चार विकेट लिनु रह्यो ।

उनले यो प्रदर्शन मलेसियाविरुद्ध गरेकी हुन् । पूजाले समग्रमा ९.६६ स्ट्राइक रेटमा बलिङ गरेकी छिन् । उनलाई साबिक विजेता भारतकी वैष्णवी शर्माले पछ्याइरहेकी छिन् । वैष्णवीले दुई खेलमा ६ विकेट हात पारेकी छिन् । प्रतियोगितामा सर्वाधिक विकेट लिने सूचीको शीर्ष १० मा नेपालका रचना चौधरी र सिमाना केसी छन् । रचनाले चार खेलमा ६ विकेट हात पारेकी थिइन् । सिमानाले चारै खेलमा ६ विकेट लिइन् ।

धेरै रन बनाउनेमा सातौँ

बलिङमा मात्र नभएर पूजाले ब्याटिङमा समेत नेपालका लागि उत्कृष्ट प्रदर्शन गर्न सफल भइन् । यसै कारण उनी प्रतियोगिताकै व्यक्तिगत धेरै रन बनाउने सूचीको सातौँ स्थानमा रहेकी छिन् । उनले चार खेलमा एकपटक नटआउट रहँदै ७० रन जोडेकी छिन् । चार खेलमा १३५ बल सामना गरेकी पूजाले सात चौका प्रहार गरेकी छिन् । विश्वकपमा इंल्यान्डकी पेरिन ११० रनका साथ शीर्ष स्थानमा छिन् । उनले प्रतियोगितामा एक अर्धशतकीय इनिङ्स खेलेकी छिन् । श्रीलंकाकी सेनेथमा ८८ रनका साथ दोस्रो स्थानमा रहेकी छिन् ।

धेरै क्याच लिने दोस्रो खेलाडी

नेपालकी कप्तान पूजाले डेब्यु विश्वकपमै आफूलाई सहभागी अन्य राष्ट्रविरुद्ध अब्बल साबित गर्न सफल भइन् । बलिङ र ब्याटिङमा चम्केकी उनले फिल्डिङमा समेत प्रेरणादायी प्रदर्शन गरेकी थिइन् । प्रतियोगितामा धेरै क्याच लिने सूचीमा उनी दोस्रो स्थानमा छिन् । पूजाले चारै इनिङ्समा पाँच क्याच लिँदै विपक्षी खेलाडीलाई क्रिजबाट हटाइन् । उनले एक खेलमा दुई क्याच लिएकी थिइन् । धेरै क्याच लिने खेलाडीमा श्रीलंकाकी वेलागी सासिनी छिन् । उनले तीन खेलमा पाँच क्याच समातेकी छिन् । तर, उनले पूजाको तुलनामा एक खेल कम खेलेकी छिन् । नेपालकी सावित्रा धामीले तीन क्याच लिएकी छिन् ।

जितका साथ घर फर्कियो नेपाल

सुपर ६ को स्थान बनाउन नसकेको नेपाल एक जितका साथ घर फर्किएको छ । प्रतियोगिताको प्ले अफ खेलमा नेपालले आयोजक मलेसियामाथि सात विकेटको सानदार जित निकाल्यो । पहिलो ब्याटिङ गरेको मलेसिया १६.५ ओभरमा ४५ रनमै समेटियो । प्रत्युत्तरमा नेपालले ११ ओभरमा तीन विकेट गुमाएर ४७ रन बनायो । नेपालको जितमा कप्तान पूजाले अलराउन्ड प्रदर्शन गरिन् । उनले ब्याटिङमा ३२ बलमा २३ रन र बलिङमा नौ रन खर्चेर सर्वाधिक चार विकेट लिइन् । खेलमा उनी नै म्यान अफ दी म्याच भइन् ।

लक्ष्य पछ्याएको इनिङ्समा नेपालका अन्य खेलाडीले गतिलो ब्याटिङ गर्न सकेनन् । ओपनर साना प्रबिनले एक रन र सावित्रा धामीले तीन रन बनाए । ज्योत्सिना मरासिनीले सात रन बनाइन् । यसअघिको बलिङका क्रममा नेपालकी रचना चौधरीले तीन ओभरमा पाँच रन खर्चेर तीन विकेट लिइन् । मलेसियाको ब्याटिङमा नुरिमाले सर्वाधिक १५ रन जोडिन् । सो इनिङमा चार खेलाडीले रन नै बनाएनन् ।

नेपालले तेस्रो संस्करणको यू-१९ महिला विश्वकप आफ्नै घरेलु मैदानमा खेल्नेछ । आइसिसी यू-१९ महिला विश्वकपको अर्को संस्करण सन् २०२७ मा नेपाल र बंगलादेशले संयुक्त रूपमा आयोजना गर्ने घोषणा गरिसकेको छ । आइसिसीका पदाधिकारीले काठमाडौं र पोखराका मैदान परीक्षण गरिसकेका छन् ।

■ पूजा भन्छिन्- **बुमराहजस्तै बन्ने प्रयास हो**

भारतीय बलर जसप्रित बुमराहबाट म प्रभावित छु । आफूलाई लेडी बुमराहका रूपमा चिनाउने प्रयासमा छु । उनको जस्तै बलिङ गर्ने प्रयास गर्छु । यसै कारण लेडी बुमराह हुन चाहन्छु । हामीले नेपालका लागि धेरै राम्रो प्रदर्शन गर्न प्रयास गर्यौं । कप्तान भएपछि मैले अगाडिबाट लिड गर्नुपर्छ । मैले आफ्नो भूमिकामा न्याय दिएजस्तो लाग्छ । आउँदा दिनमा पनि नेपालका लागि धेरै राम्रो गर्न प्रयास गर्नेछु । यो विश्वकपको सबैभन्दा राम्रो क्षण मलेसियाविरुद्धको जित हो । हामीलाई घर फर्कनुअघि एउटा जितको अवसर थियो । अब यो नै प्रतियोगिताको सबैभन्दा यादगार क्षण रहनेछ ।

■ जय नेपाल कप

दोस्रो जितका साथ लखनउ र ढाका सेमिफाइनलमा

नयाँ पत्रिका

लखनउ र ढाका विश्वविद्यालयले शुक्रबार जय नेपाल कप टी-२० अन्तरविश्वविद्यालय क्रिकेट प्रतियोगितामा सेमिफाइनल स्थान पक्का गरेका छन् । ढाका र लखनउ लगातार दोस्रो जितका साथ अन्तिम चारमा पुगेका हुन् । त्रिवि मैदानमा भएको समूह 'ए'को खेलमा ढाकाले पूर्वाञ्चल विश्वविद्यालयलाई १५२ रनको फराकिलो अन्तरले हरायो । यस समूह चरणमा पूर्वाञ्चल तीनै खेलमा हार सामना गरी प्रतियोगिताबाट बाहिरिएको छ । समूह 'ए'मा त्रिभुवन विश्वविद्यालय र ढाकाले समान दुई खेलमा जित निकालेका छन् । बिहार र ढाकाबिच समूहको अन्तिम खेलपछि सेमिफाइनलमा पुग्ने दुई टोलीको टुंगो लाग्नेछ ।

समूह 'ए'को त्रिभुवन विश्वविद्यालयले तीन खेलमा ४ अंक बनाएको छ । ढाकाले बिहारलाई हराउँदा त्रिभुवन विश्वविद्यालय सेमिफाइनलमा पुग्नेछ । समूह 'बी'को खेलमा लखनउले काठमाडौं विश्वविद्यालयलाई ७३ रनले हरायो । जितसँगै लखनउले समूहमा मध्यपश्चिमसँग समान चार ४ अंक जोडेको छ । यससँगै समूहबाट लखनउ र मध्यपश्चिम एक खेलअगाडि नै अन्तिम चारमा पुगेका हुन् । काठमाडौं लगातार दोस्रो खेलमा पराजित भयो । समूहमा दिल्लीले पनि समान दुई खेलमा हारको सामना गरेको छ ।

ढाकाको आक्रामक ब्याटिङ

त्रिवि क्रिकेट मैदानमा ढाकाले पूर्वाञ्चलविरुद्ध आक्रामक ब्याटिङ गरेको थियो । पहिलो ब्याटिङ गरेको ढाकाले २० ओभरमा चार विकेटको नोक्सानीमा २३५ रनको विशाल योगफल खडा गऱ्यो । प्रत्युत्तरमा पूर्वाञ्चल १९.३ ओभरमा ८३ रनमा समेटियो । पूर्वाञ्चलको ब्याटिङमा ओम चौधरीले सर्वाधिक १० रनको योगदान दिए । पूर्वाञ्चलले अतिरिक्तबाट सर्वाधिक २० रन पाएको थियो । ढाकाको ब्याटिङमा मोहमद रहमानले सर्वाधिक ९६ रनको योगदान दिए । उनी शतकीय इनिङ्स खेल्नबाट चार रनले चुके ।

उनले केवल ३७ बलमा १० छक्का र तीन चौका प्रहार गरे । ढाकाले पूर्वाञ्चलविरुद्धको ओपनिङ ७.३ ओभरमा ७७ रन जोडेको थियो । तेस्रो विकेटका लागि ढाकाले ६८ रन जोडेको थियो । मोहमद रहमानले चौथो विकेटका लागि सेयर सकिवसँग ७६ रनको साझेदारी गर्दै टोलीको स्कोरलाई दुई सय योगफल कटाए । ओपनर सदिक खानले २४ बलमा सात चौका र दुई छक्काको सहयोगमा ५० रन जोडे । महफिजुल इस्लामले २५ बलमा



चार चौका प्रहार गरी ३१ रन बनाए ।

यसैगरी, इतिखर हुसेनले २३ बलमा पाँच चौका र एक छक्काको सहयोगमा ३८ रनको योगदान दिए । २३६ रन लक्ष्य पछ्याएको पूर्वाञ्चलले फितलो ब्याटिङ प्रदर्शन गरेको थियो । ओपनर सत्यमान मलिक र कृष्ण शाहले पहिलो विकेटका लागि ६ रन जोडेका थिए ।

लखनउको सहज जित

प्रतियोगिताको अर्को खेलमा भारतको लखनउले काठमाडौं विश्वविद्यालयमाथि सहज जित निकाल्यो । पहिलो ब्याटिङ गरेको लखनउले २० ओभरमा तीन विकेट गुमाएर १६० रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा काठमाडौंले २० ओभरमा आठ विकेटको क्षतिमा ८७ रन बनाउँदा लखनउ ७३ रनले विजयी भयो । लखनउका लागि मनान काडपालले सर्वाधिक ७५ रन बनाउन ४९ बलमा पाँच चौका र चार छक्का प्रहार गरे । काठमाडौंको ब्याटिङमा संगीत केसीले नटआउट २० रन तथा प्रदीपकुमार यादवले १७ रन बनाए । ओपनर विशाल देवकोटा डकआउट भए ।

सनिशको गोलसँगै मच्छिन्द्र सेमिफाइनलमा

काठमाडौं/ डिफेन्डर सनिश श्रेष्ठको एक मात्र गोलको सहयोगमा मच्छिन्द्र फुटबल क्लबले सभापति कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । दशरथ रंगशालामा शुक्रबार भएको खेलमा मच्छिन्द्रले एपिएफ क्लबलाई १-० ले हरायो । निर्धारित समय दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । त्यसपछि थप भएको इन्जुरी समयको छैटौं मिनेटमा सनिशले मच्छिन्द्रलाई १-० को अग्रता दिलाए । भारतीय मिडफिल्डर दयानन्द सिंहको पासमा उनले दोस्रो बारमा सहज गोल गरेका हुन् । सनिशले एपिएफबाटै सहिद स्मारक 'ए' डिभिजन लिग खेलिसकेका छन् ।

एपिएफका प्रशिक्षक रत्नकाजी महर्जनले दबाब थेग्न नसक्दा हारको सामना गर्नुपरेको बताए । 'हाम्रा सबै खेलाडी युवा छन् र अन्तिममा दबाब थेग्न सकिएन,' महर्जनले भने, 'खेलाडीले केही अवसर पनि गुमाए ।' स्ट्राइकर विमल घर्तीमगरले ७४औँ मिनेटमा मैदान प्रवेश गर्दै फुटबलमा कमब्याक गरेका छन् । एक वर्षअघि उनी अस्ट्रेलिया पुगेका थिए । मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले विमलको आगमनसँगै जित सहज भएको बताए ।

'समग्रमा खेल राम्रो भयो । तर, खेलमा स्कोर नहुँदा समस्या थियो,' न्यौपानेले भने, 'विमलको आगमनले टिमको मनोबल बढेको छ ।' नेपाल लोकतान्त्रिक खेलकुद संघको आयोजनामा भएको प्रतियोगिताको सेमिफाइनलमा मच्छिन्द्रले संकटाको सामना गर्नेछ । उपाधि विजेताले २६ लाख रुपैयाँ र उपविजेताले १३ लाख रुपैयाँ पाउनेछन् ।

नीरजले जिते सूर्य नेपाल वेस्टर्न ओपन

नयाँ पत्रिका

पहिलो दिनदेखि अग्रता बनाएका नीरज तामाङले शुक्रबार सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि जितेका छन् । जयराम श्रेष्ठलाई तीन स्ट्रोकले हराउँदै उनले समग्रमा १-अन्डर २०६ स्कोर गर्न सफल भए । उनले अन्तिम दिन ४ ओभर ७३ स्कोर गर्दै उपाधि हात पारे । नीरजले एक लाख ५० हजार प्राप्त गरेका छन् ।

नीरजले पोखरामा उपाधि जितेको यो पहिलोपटक हो । उनको करिअरको तेस्रो उपाधि हो । उनले गत सिजनमा सूर्य नेपाल काठमाडौं ओपन र यस सिजनमा सूर्य नेपाल वेस्टर्न ओपन जितेका थिए । इभन पार ६९ को कार्डका साथ जयराम दोस्रो भए । जयरामले समग्रमा २ ओभर २० ९ स्कोर गरेका छन् । उनले एक लाख रुपैयाँ पाएका छन् । समग्रमा ३ ओभर २१० को स्कोरका साथ भुवनकुमार रोक्काले तेस्रो हुँदै ७५ हजार रुपैयाँ हात पारे ।



भुवनले अन्तिम दिन ७ ओभर ७६ स्कोर गरेका थिए । नेपालका नम्बर एक प्रोफेसनल भुवन नगरकोटी चौथो स्थानमा सीमित भएका छन् । उनले समग्रमा ४ ओभर २११ स्कोर गरे । समग्रमा ७ ओभर २१४ स्कोरका साथ सञ्जय लामा, धन थापा, विष्णुप्रसाद शर्मा र रामे मगरले पाँचौं स्थान बाँडेका छन् । विष्णु र रामेले ४ ओभर ७२ स्कोर गरेका थिए । सञ्जय र धनले ७ ओभर ७६ स्कोर गरे । उनीहरूले जनही ४४ हजार रुपैयाँ पाएका छन् ।

एमेच्योरमा सुरेश तामाङ पहिलो भएका छन् । इभन पार ६९ को स्कोर गरेका सुरेशले समग्रमा ९ ओभर २१६ को नतिजा निकाले । उनले शीर्ष स्थानमा सुमन परियारलाई दुई स्ट्रोकले हराए ।

■ नेपाल कबड्डी लिगको प्लेअफमा विराटनगर



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

काठमाडौं/ विराटनगर ब्यान्डिट्सले हिमालयन रेइडर्सलाई हराउँदै नेपाल कबड्डी लिग (एनकेएल)को प्लेअफमा प्रवेश गरेको छ । राखेपको कभर्डहलमा विराटनगरले हिमालयनलाई ३४-३० ले पराजित गर्दै अघिल्लो चरणको स्थान पक्का गरेको हो । विराटनगरको जितसँगै प्लेअफमा पुग्ने तीन टोलीको टुंगो लागेको छ । यसअघि काठमाडौं माभरिक्स र जनकपुर नाइट्स एक खेलअघि नै प्लेअफमा पुगिसकेका छन् । अब एक टोलीको छिनोफानो हुन बाँकी छ ।

जनकपुर शतप्रतिशत जितसहित २० अंक जोडेर शीर्ष स्थानमा छ । काठमाडौं र विराटनगरले समान १६ अंक जोडेका छन् । तेस्रो हार व्यहोरेको हिमालयन चार खेलबाट ६ अंक बटुल्दै पाँचौं स्थानमा छ । विराटनगरले हिमालयनविरुद्ध रेडमा १८, ट्याकलबाट ८, दुई अलआउटबाट ४ सँगै बोनसबाट ४ अंक जोडेको थियो । हिमालयनले काठमाडौंविरुद्ध रेडबाट १४, ट्याकलबाट ९, एक अलआउटबाट २ सँगै बोनसबाट ५ अंक जोड्यो । पहिलो हाफमा विराटनगरले ३ अंकको अग्रता लिँदै हिमालयनमाथि दबाब राखेको थियो । अग्रता अन्तिमसम्म राख्दै विराटनगरले तेस्रो जित निकाल्न सफल भयो । पहिलो हाफमा विराटनगरले रेडबाट १०, ट्याकलबाट २, एक अलआउटबाट २ र बोनसबाट ४ प्वाइन्ट जोडेको थियो । हिमालयनले रेडबाट १५, रेडबाट ९, ट्याकलबाट ३, एक अलआउटबाट २ र बोनसबाट १ अंक हात पाऱ्यो । विराटनगरले १८-१५ को अग्रता लियो । दोस्रो हाफमा हिमालयनले विराटनगरलाई कडा टक्कर दियो । तर, अघिल्लो हाफमा लिएको तीन र दोस्रो हाफमा लिएको १ अंकको अग्रता विराटनगरलाई जिताउन काफी भयो ।

अञ्जिलाले अनुमति पाइन् ग्रिसको लिग खेल्न

काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाले ग्रिसको निस अट्रोमिटौबाट लिग खेल्ने अनुमति पाएकी छिन् । गत भदौमा अनुबन्ध भए पनि अञ्जिला मसिरमा टोलीसँग जोडिएकी थिइन् । अञ्जिलालाई ग्रिस महिला 'ए' लिग क्लबको अट्रोमिटौले सिजन २०२४-२५ का लागि अनुबन्ध गरेको हो । दुई पक्षबिचको सम्झौता रकम गोप्य राखिएको छ ।

अनुमति प्राप्त गरेसँगै अञ्जिलाले शनिबार हुने ओएफआईविरुद्ध खेल्ने सम्भावना छ । 'शुक्रबार पत्र आएसँगै लिग खेल्न अनुमति पाएकी छु,' उनले भनिन्, 'कागजपत्र नमिलेपछि निरन्तर अभ्यासमा थिएँ । अब युरोपमा डेब्यु गर्न तयार छु ।' अञ्जिला सम्मिलित अट्रोमिटौ १० खेलमा दुई जितका साथ ९ अंक जोडेर लिगको नवौं स्थानमा छ ।




अञ्जिला पहिलोपटक एसियाबाहिरको लिग खेल्दै छिन् । यसअघि उनले भारत र पाकिस्तानको लिग खेलेकी थिइन् । उनले भारतको सेथु एफसीमा दुई र पाकिस्तानको मासा युनाइटेडमा एक सिजन बिताइन् । अञ्जिला दुवै टोलीको कप्तान थिइन् । विभागीय टोली एपिएफ क्लबमा आबद्ध अञ्जिला स्ट्राइकर सावित्रा भण्डारीपछि युरोपको लिग खेल्ने दोस्रो नेपाली खेलाडी बन्दै छिन् ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।
नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरु छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।
विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्
९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४
बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com